का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक २७४
- १२ मंसिर २०७८, आइतबार
- 28 November 2021, Sunday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला।



# एमालेमा 'ओली प्राधिकार'

## अध्यक्ष ओलीले आफूलाई उपाध्यक्ष भीम रावलसहितले चुनौती दिएको अवस्थामा अब महाधिवेशन प्रतिनिधिबाटै पदाधिकारी र केन्द्रीय सदस्य छान्ने अधिकार लिए ।

**दिवाकर अधिकारी/मध्यान्ह**
चितवन, ११ मंसिर

नेकपा एमालेले पार्टीका पदाधिकारी छान्ने अधिकार अध्यक्ष केपी शर्मा ओलीलाई दिएको छ । एमालेको १० औं राष्ट्रिय महाधिवशेन अन्तर्गत शनिबार चितवनको सौराहामा भएको बन्द सत्रले अध्यक्ष ओलीलाई पदाधिकारीदेखि केन्द्रीय सदस्य छान्ने अधिकार दिएको हो । एमाले महाधिवेशनको बन्दसत्रमा विष्णु पौडेलले उक्त प्रस्ताव गरेका थिए। पौडेलको प्रस्तावमा हलले समर्थन जनाएको हो ।

सहमतिबाट नेतृत्व छान्ने प्रयास पूरा नहुने संकेत देखिएपछि निर्वाचनको प्रक्रिया नै छलेर सम्पूर्ण अधिकार अध्यक्ष ओली आफैंले लिएका हुन् । राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय कमिटी निर्माण गर्ने विधानको व्यवस्था विपरीत बन्दसत्रले अध्यक्ष ओलीलाई अधिकार सुम्पिएको छ ।

चितवनमा दुई दिनदेखि भइरहेको दशौं महाधिवेशनमा ओलीले आफ्नो नेतृत्वमा सर्वसम्मत नेतृत्व छान्ने कोसिस गरिरहेका छन् । आफूलाई उपाध्यक्ष भीम रावलसहितले चुनौती दिएको अवस्थामा अब महाधिवेशन प्रतिनिधिबाटै उनले पदाधिकारी र केन्द्रीय सदस्य छान्ने अधिकार लिएका हुन् ।

सो क्रममा अध्यक्ष ओलीले सकेसम्म सहमतिबाटै नेतृत्व चयन गर्नुपर्ने बताए । त्यसका लागि आफूले कमिटीको प्रस्ताव गर्ने र चित्त नबुझे निर्वाचनमा जान नेताहरुलाई सुझाव दिए । सहमति वा प्रतिस्पर्धाको विधि दुबै निर्वाचन भएको भन्दै ओलीले कसैको अधिकार नखोसिने, कुनै विधान नमिचिने भन्दै अधिकारको उपभोग गर्न पाइने उनले बताए । अध्यक्ष ओलीले आइतबार १० बजे शुरु हुने बन्दसत्रमा आफूले पदाधिकारी र कमिटीमा रहनेहरुको नाम प्रस्ताव गर्ने र चित्त नबुझे निर्वाचनमा जान समेत आग्रह गरे ।

त्यस्तै केन्द्रीय कमिटी तथा पदाधिकारी बढाउने प्रस्ताव महाधिवेशनको बन्दसत्रबाट पारित भएको छ । अब एमालेको केन्द्रिय समिति ३०१ सदस्यीय र १९ जना पदाधिकारीहरु रहनेछन् ।

शुक्रबार राति बसेको केन्द्रीय समितिको अन्तिम वैठकले केन्द्रीय समितिको आकार बढाउने निर्णय लिएको थियो । यसअघि २२५ सदस्यिय केन्द्रीय समिति रहेकोमा ७६ जना थप्ने निर्णय भएको हो । यस्तै, पदाधिकारी संख्या १५ बाट ४ जना थप भएको छ। उपाध्यक्षमा दुई र उपमहासचिवमा दुई जना थपिने भएको हो । केन्द्रीय कमिटी वैठकको निर्णय अनुसार ९९ सदस्यिय पोलिटब्यूरो गठनको प्रस्ताव पनि बन्द सत्रबाट प्रतिनिधिहरुले बाँकी पृष्ठ २ मा




# पार्टी सुदृढीकरणमा जोड



**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ मंसिर

नेकपा (माओवादी केन्द्र)को पालिकास्तरीय अधिवेशन देशैभर सम्पन्न भएका छन् । पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले शनिबार भर्चुअल माध्यमबाट एकैपटक देशैभरका पालिकाको अधिवेशनको उद्घाटन गरेका थिए । पार्टीलाई नयाँ ढंगले अगाडि बढाउन र पार्टी सुदृढीकरण गर्ने उद्देश्यका साथ माओवादी केन्द्रले एकैदिन सबै स्थानीय तहमा अधिवेशन गरेको हो ।

माओवादीको इतिहासमै पहिलो पटक भएको नगर सम्मेलनले आगामी दिनमा पार्टीलाई सुदृढ र सवलरुपमा अगाडि बढाउन सहज हुने विश्वास माओवादी नेता कार्यकर्ताले गरेका छन् ।

माओवादी केन्द्रले सकेसम्म सहमतिमा नेतृत्व चयन गर्ने नीति बनाएको छ । यस सम्मेलनले पार्टी संगठनलाई एउटा निश्चित विधि र पद्दतिअनुसार अगाडि बढाउने संकल्प लिएको छ । पार्टीको पुनः निर्माण गरि देशको शक्तिशाली पार्टी बनाउन यो सम्मेलनले आवश्यक भूमिका खेल्ने विश्वास समेत गरिएको छ ।

सम्मेलनमा सहभागिहरुले नेपाली जनताका अधिकार र जनयुद्धका सम्पूर्ण एजेन्डा पूरा गर्नका लागी पूर्व माओवादीहरु एक भएर आत्माआलोचना गरी अगाडि बढ्नुपर्नेमा जोड दिएका थिए ।

धेरैजसो जिल्लाका पालिकामा सर्वसम्मत तरिकाले नेतृत्व चयन भएको छ भने केहीमा स्वस्थ प्रतिस्पर्धाबाट पनि निर्वाचित भएका छन् । आइतबारसम्ममा सबै पालिकाको नेतृत्व चयन भइसक्ने माओवादीले जानकारी दिएको छ ।

उपत्यकाका काठमाडौं, ललितपुर र भक्तपुरका स्थानीय तहमा पनि उद्घाटनसत्र सम्पन्न भई नेतृत्व चयनको प्रक्रिया चलिरहेको छ । माओवादीले पालिकास्तरीय सम्मेलनमा नेता, कार्यकर्ता र नागरिकको सक्रिय सहभागिताले आफूहरूलाई उत्साहित बनाएको बताएका छन् ।

माओवादीका अधिकांश नेता तथा कार्यकर्ता सम्मेलनमा सहभागी भएका थिए । भूमिसुधार सहकारी तथा गरिबी निवारणमन्त्री शशि श्रेष्ठ मध्यपुर थिमि नगर समितिको सम्मेलनमा सहभागी भए । अर्थमन्त्री जनार्दन शर्मा गृहजिल्ला रुकुम पश्चिमका विभिन्न पालिकाहरूको सम्मेलनमा सहभागी भए । आठबीसकोट नगरपालिका र बाफिकोट गाउँपालिकाको सम्मेलनमा सहभागी भएका मन्त्री शर्माले माओवादीलाई एक नम्बरको पार्टी बनाएरै छाड्ने दृढता व्यक्त गरे ।

उद्घाटनसत्रमा माओवादी अध्यक्ष प्रचण्डले जनताले भरोसा गर्ने क्रान्तिकारी पार्टी निर्माण गरिछाड्ने दृढता व्यक्त गरेका थिए । उनले विचार, संगठन र कार्यशैलीमा समेत बाँकी पृष्ठ २ मा

# 'ओमाइक्रोन' भेरियन्ट : नेपालमा पनि सतर्कता

## सीमा नाका कडाइ गर्न सीसीएमसीसीको बैठक आज बस्दै

> पर्यटनमन्त्री प्रेमबहादुर आलेले नयाँ भेरियन्टका कारण देखिएका चुनौतीका विषयमा प्रधानमन्त्री शेरबहादुर देउवासँग छलफल गर्दैछन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ११ मंसिर

कोरोना भाइरसको नयाँ भेरियन्ट देखिएपछि नेपालले पनि सतकर्ता अपनाउने भएको छ। दक्षिण अफ्रिकामा पहिलोपटक पुष्टि भएको अत्यन्तै संक्रामक मानिएको ओमाइक्रोन भेरियन्ट देखिएपछि विमानस्थल लगायतका क्षेत्रमा कडाइ गर्ने तयारी थालिएको हो ।

नयाँ संक्रामक भेरियन्ट र सुरक्षित हवाइ उडानबारे छलफल गर्न कोरोना संकट व्यवस्थापन समन्वय कमिटी 'सीसीएमसीसी'को बैठक आइतबारका लागि बोलाइएको छ। नेपालसँगको सीधा हवाइ उडान भएका मुलुकहरुमा पनि नयाँ भेरियन्ट देखिएकाले रोकथामको पूर्वतयारीबारे बैठकमा छलफल हुन लागेको हो ।

दक्षिण अफ्रिकासँग नेपालको सीधा उडान नभएपनि हङकङजस्ता सीधा उडान भएका मुलुकमा संक्रमण पुष्टि भएपछि नेपाल सतर्क बनेको हो । बैठकअघि पर्यटनमन्त्री प्रेमबहादुर आलेले नयाँ भेरियन्टका कारण देखिएका चुनौतीका विषयमा प्रधानमन्त्री शेरबहादुर देउवासँग छलफल समेत गर्दैछन् । बाँकी पृष्ठ २ मा

# वैदेशिक रोजगारीमा रहेकालाई पनि सामाजिक सुरक्षाको दायरामा ल्याइने

**काठमाडौं/रासस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले वैदेशिक रोजगारीमा रहेका युवा, स्वरोजगार, असङ्गठित क्षेत्रमा कार्यरत, करार, ज्यालादारी श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याइने बताएका छन्। सामाजिक सुरक्षा दिवसका अवसरमा सनिवार राजधानीमा आयोजित कार्यक्रममा मन्त्री श्रेष्ठले उक्त कुरा बताएका हुन्।

नयाँ युगको सुरुआतका रुपमा घोषणा गरिएको सामाजिक सुरक्षा कार्यक्रम चौथो वर्षमा प्रवेश गरेको छ। २०७४ सालमा श्रम ऐन र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन कार्यान्वयनमा आएसँगै २०७५ मङ्सिर ११ गते सामाजिक सुरक्षा कार्यक्रमको शुभारम्भ गरिएको थियो । कार्यान्वयनमा आएको छोटो समयमै सामाजिक सुरक्षा कोषमा आवद्ध योगदानकर्ताले सामाजिक संरक्षण प्राप्त गर्न थालेका छन्। कोषले योगनकर्ताका लागि विभिन्न चार योजना सञ्चालनमा ल्याएको छ ।

हालसम्म १५ हजार ८२४ रोजगारदाता एवं दुई लाख ९५ हजार ६२२ श्रमिक कोषमा आवद्ध भएका छन्। कोषमा अहिलेसम्म रु १० अर्ब २९ करोड योगदान रकम संकलन भएको छ । कोषमा आवद्ध योगदानकर्तामध्ये हालसम्म छ हजार ४५० योगादनकर्तालाई रु सात करोड १६ लाख ८५ हजार औषधि उपचार, १९१ योगदानकर्ताको दुर्घटनाबापतको रु ६० लाख ५८ हजार उपचार खर्च भुक्तानी गरिएको छ । कोषमा आवद्ध भई असामयिक निधन भएका १२३ योगदानकर्ताको आश्रित पतिपत्नी वा बुबाआमालाई रु एक करोड १३ लाख भुक्तानी भएको छ ।

कोषले मृतक योगदानकर्ताका आश्रित परिवारलाई मासिक रु २० लाख ६५ हजार पेन्सन भुक्तानी गर्दै आएको कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले जानकारी दिए ।

योगदान रकम सङ्कलन सुरुआती दिनदेखि नै प्रविधिको प्रयोग गरी योगदान संकलनदेखि अवकाश तथा पेन्सन भुक्तानीलाई अनलाइन बनाइएको कोषले जनाएको छ। संविधानले प्रत्येक नागरिकलाई सामाजिक सुरक्षाको हक प्रत्याभूत गरेको भन्दै मन्त्री श्रेष्ठले सामाजिक सुरक्षाको दायरालाई फराकिलो बनाइने बताए ।'सामाजिक सुरक्षा श्रमिकका लागि महत्वपूर्ण छ, कोषमा सूचीकृत बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### वैज्ञानिक कृषिले अरब जाने लहर रोक्छ : खापुङ

**खोटाङ/रासस–** प्रदेश नम्बर १ का प्रमुख परशुराम खापुङले जैविक कृषि र व्यवहारिक शिक्षाका माध्यमबाट अरब जाने युवालाई स्वदेशमै रोक्न सकिने बताएका छन् । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-२ सोल्मास्थित शुभद्रा मदन फाउण्डेसनले निर्माण गरेको शुभम् ट्रेडिङ सेन्टर तथा जैविक क्याफे भवन, कस्टम हायरिङ सेन्टर र होमस्टे शुक्रबार शुभारम्भ गर्दै उनले जैविक कृषि र व्यवहारिक शिक्षाको माध्यमबाट रोजगारी सिर्जना गर्नसके देशका नौजवान रोजगारीका लागि अरब जान नपर्ने बताएका हुन् ।

उक्त फाउण्डेसनले सञ्चालन गरेको वैकल्पिक शिक्षा अभियान देशको भविष्यका साथै जनताको सुख, शान्ति र समृद्धि र रोजगारीसँग पनि गाँसिएको छ प्रदेश प्रमुख खापुङले बताए । विश्वव्यापीकरणका कारण आगामी केही वर्षभित्र हाम्रै देशका नागरिक पनि अमेरिका, अष्ट्रेलिया, लण्डनजस्ता मुलुक घुम्न जानु रुचिको बाँकी पृष्ठ २ मा

**UAE र SAUDI मा रोजगार** | १. कम्पनी : TAWASUL TRANSPORT L.L.C शहर : DUBAI

पूर्व स्वीकृत मितिः २०७८/०८/१० चलानी नं.: ६०१६८८५५ LT. No.: 251445

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Vehicle Driver | 100 | 0 | स. काममा दक्ष | 1500 | ४८,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : ABDULLAH FAHAD AL MUTAIRI SUPPORT SERVICE CO. LTD शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०६/१२ चलानी नं.: ६०१६४२२९ LT. No.: 246866 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 50 | 0 | स. काममा दक्ष | 1000 | ३१,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १९ गते (5 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**एम. बि. के. ओभरसिज प्रा. लि.**

श्रम इजाजत नं. ५४२/०६१/०६२

सामाखुसी, अल नेपाल हस्पिटल जाने बाटो, काठमाडौं, फोनः ४९८९७६०, ४९८९७६१
Mobile: 9841935884, 9841541592, 9801064154, 9745371264

E-mail: mbkoverseas@gmail.com Web: www.mbkoverseasnepal.com

# नेता आचार्यको उम्मेदवारीपछि लुम्बिनी प्रदेशमा हलचल

**शोभाखर पन्थी/मध्यान्ह**
चितवन, ११ मंसिर

नेकपा एमालेका नेता चेतनारायण आचार्यले पार्टीको केन्द्रीय सदस्यमा उम्मेदवारी दिने भएका छन् । पार्टीका लुम्बिनी प्रदेश भित्रका कार्यकर्ताको केन्द्रीय सदस्य बन्नुपर्छ भन्ने चर्को दबाब पछि नेता आचार्यले उम्मेदवार बन्ने घोषणा गरेका हुन् ।

उनले लुम्बिनी प्रदेशको भूगोलबाट उम्मेदवार हुने इच्छा जनाएपछि अहिले कार्यकर्ताहरुले सामाजिक सञ्जालबाट मत माग्दै आचार्यलाई विजयी गराउन आग्रह गरेका छन् । अर्घाखाँची जिल्लामा पार्टी निक्कै कमजोर भएको अबस्थामा बागडोर समालेका आचार्यले करिब २१ वर्षदेखि जिल्ला पार्टी प्रमुखको रुपमा काम गर्दै आएका छन् । उनको कार्यकालमा जिल्लामा पार्टी निक्कै सुदृढ र व्यवस्थित बनेको स्थानीय कार्यकर्ताहरु बताउँछन् । देशभर पार्टी टुटफुट र बिभाजनको दलदलमा फसेको समयमा समेत नेकपा एमाले अर्घाखाँची जिल्लामा एमाले गोलबन्द र एकाकार रहिरह्यो । नेकपा कार्यकालमा देशभर तत्कालीन प्रधानमन्त्री तथा पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई कमजोर पार्न अर्का अध्यक्ष प्रचण्ड र माधव नेपालले षड्यन्त्र गर्दै नेता कार्यकर्ता भड्काई रहेको समयमा राजनीति भविष्य भन्दै केन्द्रीय स्तरमा प्रभाव राख्ने नेताहरू समेत दुबिधामा रहेको समयमा सिंगो नेकपा अर्घाखाँची केपी शर्मा ओलीको पक्षमा छ भनेर दृढतापूर्वक उभिएर पार्टीलाई एक ढिक्का बनाएका आचार्य अहिले नेकपा एमाले लुम्बिनी प्रदेशको बलियो खम्बा मानिन्छन् ।



लुम्बिनी प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्री समेत बनिसकेका उनले मन्त्री बनेको छोटो अवधिमा पनि धेरै महत्त्वपूर्ण र लोकप्रिय काम गरेको यस क्षेत्रका कार्यकर्ताहरु बताउँछन् । एकपटक मन्त्री बनेपछि लामो समयसम्म सरकारी सुविधा लिने गलत मान्यताको अन्त्य गर्दै उनी सरकारबाट बाहिरिएसँगै सम्पूर्ण सरकारी सुविधा छोडेर हाँस्दै ई-रेक्सा चढेर आफ्नो कोठा फर्किएका थिए ।

आचार्य निर्वाचित प्रदेश सभाका सदस्य समेत हुन् । उनी अर्घाखाँची जिल्ला क्षेत्र नं. १ बाट भारी मत अन्तरले बिजयी भएका थिए । जिल्लामा बिकास प्रेमी नेताको छवि बनाएका उनी उच्च आदर्श र स्वच्छ छविको नेता मानिन्छन् । बोलेको कुरामा चट्टानी अडान लिने आचार्यले पार्टी छवि उच्च राख्दा व्यक्तिगत रुपमा धेरै गुमाउनु परेका थुप्रै उदाहरण छन् ।

अहोरात्र पार्टीकाममा खट्ने उनी आफ्नो व्यक्तिगत जीवन बारेमा कहिल्यै नसोचेको बताउँछन् । क्यान्सर, मिर्गौलालगायतका रोगबाट ग्रसित भएको समयमा समेत उनी निरन्तर पार्टी काममा सकृय रहे । डाक्टरले उपचार सम्भव नहुने भन्दा पनि मलाई केही हुँदैन ढुक्क हुनुहोस् भन्दै कार्यकर्ता शुभचिन्तकलाई ढाडस दिने आचार्य उच्च मनोबल भएका कारण बच्न सफल भएको चिकित्सकहरुको भनाई छ । अहिले पनि उनी पायल्सलगायतका रोगबाट ग्रसित छन् । आफुलाई शारीरिक रुपमा जतिसुकै पीडा भएपनि उनी अनवरत राजनीतिमा सकृय छन् ।

नेता आचार्यले नेतृत्व गरेको नेकपा एमाले अर्घाखाँची जिल्लामा अहिले लुम्बिनी प्रदेशमै नमुना पार्टी संगठन बनेको छ । पूर्व माओवादीका प्रभावसाली नेताहरू टोपबहादुर रायमाझी, चन्द्रबहादुर खड्का 'उज्ज्वल'समेत अहिले एमालेमा छन् । अध्यक्ष आचार्यलाई उनीहरुको समेत बलियो साथ छ ।

साहसी, जुझारु, ईमान्दार, त्यागी र सरल नेता आचार्य नेकपा एमालेको केन्द्रीय सदस्य भएमा लुम्बिनी प्रेशमा पार्टी कामले थप तिव्रता पाउनुका साथै आसन्न निर्वाचनहरुमा समेत नेकपा एमालेका उम्मेदवारहरुलाई भारी मतका साथ विजय गराउन सफलता मिल्ने कार्यकर्ताको बुझाई छ ।

# कांग्रेस महाधिवेशन प्रचारप्रसार समितिले पायो पूर्णता

**काठमाडौं/मस**–नेपाली कांग्रेसको महाधिवेशन प्रचार-प्रसार समितिले पूर्णता पाएको छ ।

पार्टीका प्रवक्ता एवं प्रचार-प्रसार समितिका संयोजक विश्वप्रकाश शर्माले शनिबार १४ औं महाधिवेशन सम्पन्न गर्नका लागि प्रचार-प्रसार समितिलाई पूर्णता दिएका हुन् ।




समितिको सदस्यमा कांग्रेसका केन्द्रीय सदस्य जीवन परियार, किरण गिरी, किरण यादव, आमन्त्रित केन्द्रीय सदस्य अभिषेकप्रताप शाह, जनकराज कलौनी र दिलीप राईलाई चयन गरिएको छ ।

यस्तै सूचना, सञ्चार तथा प्रचार विभागका पदाधिकारी, भ्रातृ तथा शुभेच्छुक संस्थाका अध्यक्ष, जनसम्पर्क समितिका अध्यक्ष, प्रेस युनियन, केन्द्रीय समितिका पदाधिकारी एवं सदस्यहरू समितिका सदस्यका रूपमा राखिएको छ । यसैगरी प्रेस युनियनका पूर्व केन्द्रीय अध्यक्ष, केन्द्रीय समितिका सल्लाहकार, प्रतिष्ठान शाखाका सभापति र जिल्ला सम्पर्क समितिका सभापति सदस्य रहेका छन् । कांग्रेसको कात्तिक २८ गते बसेको केन्द्रीय कार्यसमितिको बैठकले प्रवक्ता शर्मालाई महाधिवेशन प्रचार-प्रसार समितिको जिम्मेवारी तोकेको थियो ।

**प्रधानद्वारा प्रदेश सभापतिमा उम्मेद्वारी घोषणा**

नेपाली कांग्रेसका नेता भीमसेनदास प्रधानले पार्टीको १४औं महाधिवेशनमा बागमती प्रदेशको सभापतिमा उम्मेद्वारी दिने घोषणा गरेका छन् । नेता प्रधानले आज शान्तिबाटिका रत्नापार्कमा एक कार्यक्रमको आयोजना गरी बागमती प्रदेशको सभापतिमा उम्मेद्वारी दिने घोषणा गरेका हुन् । घोषणासभामा उनले संविधानको मर्म र भावनाअनुरुप संघीयताको संस्थागत विकास गराउनका लागि आफूले सभापतिमा उम्मेद्वारी दिन लागेको बताए ।

नेता प्रधानले संघीयता कार्यान्वयन फितलो रहेको बताउँदै आफू बागमती प्रदेश सभापति भएमा संघीयताको संस्थागत विकासका लागि काम गर्ने उल्लेख गरे ।

उनले भने, 'संघीय संरचनाअन्तर्गत संविधानमा तीन तहको व्यवस्था गरेको छ, पार्टीको तीन तहको संरचना बनेको छ, त्यसलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न सक्यो भने एउटा पहिचान बन्छ ।' प्रदेशभित्रका सबै जिल्लासँग समन्वय गरी बागमती प्रदेशलाई नमूना प्रदेश बनाउने उनलेबताए ।


## खाँदबारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
खाँदबारी,सँखुवासभा
१ नं. प्रदेश, नेपाल

**बोलपत्रको आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०७८/०८/१२**

यस कार्यालयबाट मिति २०७८/०४/१७ गते प्रकाशित सूचना अनुसार रीतपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मध्ये सारभूत रुपमा प्रभावग्राही तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव छनौट भएकोले सार्वजनिक खरिद नियमावली,२०६४(संसोधन सहित) नियम ३१(ङ) ५ अनुसार आर्थिक प्रस्ताव खोली मूल्याकंन प्रायोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | आयोजनाको नाम एवं ठेक्का नं. | प्राविधिक प्रस्तावबाट सारभूत प्रभावग्राही देखिएका बोलपत्रदाताहरुको नामावली | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|
| १ | Construction of Ward Office Building, Ward No.3 (KMO/NCB/ WORKS/03/078/079) | 1. Pabitra-Puja-Sita JV,Dhankuta<br>2. Om Buddha Internation Construction Pvt.Ltd.,Kathmandu<br>3. Arun Barun Nirman Sewa Companty Pvt.ltd, Sankhuwasabha<br>4. Puspanjali/Chemjong/Jimba JV,Panchthar<br>5. Sara Shristi Nirman Sewa Pvt.Ltd,Dhankuta<br>6. Tamakoshi-Maiya JV,Dolakha<br>7. Nishan-Ranidhunga JV, Buddhanagar -10, Kathmandu<br>8. Khanal Construction Pvt.Ltd,Illam<br>9. Jagadamba/Situ, Kathmandu<br>10. Chhuma Ganesh /La.Bi. Kiran/Chainlink JV, Bhaktapur<br>11. S.A.S. Construction Pvt.Ltd,Biratnagar<br>12. A.M/Puspa JV, Jumla | खाँदबारी नगरपालिका कार्यालय संखुवासभा<br>मितिः २०७८/८/१९<br>समयः दिनको १३.०० बजे |

**प्रमुख प्रशासकीय अधिकृत**
**खाँदबारी नगरपालिका**


# एमालेमा...

अनुमोदन गरेका छन् ।

**भीम रावलको आपत्ति**

यसैबीच एमाले उपाध्यक्ष भीम रावलले बन्दसत्रले अध्यक्ष ओलीलाई सर्वाधिकार दिने निर्णय मान्य नहुने बताएका छन् । उनले राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय कमिटी निर्माण गर्ने विधानको व्यवस्था विपरीतको निर्णय भएको बताएका छन् । विधानले महाधिवेशनबाट कमिटी छान्न निर्देश गरेकाले सोही अनुसार निर्णय हुनुपर्ने बताए । महाधिवेशनका प्रतिनिधिहरुको अधिकार हनन गरी यस्तो निर्णय गर्दा लोकतान्त्रिक परिपाटी अन्त्य हुने रावलको भनाइ छ ।

महत्वपूर्ण महाधिवेशनमा यस्तो कुराले प्रवेश गर्नु उपयुक्त नभएको उनले बताए । रावलले आफूले १० औं महाधिवेशनका लागि अध्यक्ष पदमा उम्मेदवारी घोषणा गरेको र सोही अनुसार उम्मेदवारी दिने पनि बताए ।

उनले भने, 'मैले अध्यक्षमा उमेदवारी घोषणा गरिसकेको छु । यो मान्य हुन सक्दैन । मैले उमेदवारी दिन्छु । अरू कमरेडहरुले पनि दिनुहुन्छ । यो अधिकार कुनै हालतमा कुण्ठित गर्न मिल्दैन । कुण्ठित हुँदैन ।'

रावलले बन्द सत्र हलभित्र ओलीले सम्बोधन गरिरहँदा दिनभर प्रतिनिधिमाझ भोट मागेका थिए । उनले अध्यक्षमा भोट माग्ने क्रममा ३२ पेज लामो घोषणा पत्र नै सार्वजनिक गरेका छन् ।

# पार्टी ....

जनपक्षीय पार्टी बनाउने बताएका थिए । माओवादीले ७५३ वटा स्थानीय तहका अलावा सम्पर्क समन्वय समिति र विशेष समितिसमेत गरी कूल ७७६ वटा पालिकास्तरीय सम्मेलनको आयोजना गरेको हो । शनिबार सम्पन्न भएका सम्मेलनले प्रदेश सम्मेलनका लागि प्रतिनिधिसमेत चयन गरेको छ । यही मङ्सिर २५ गतेका लागि प्रदेश सम्मेलनको आयोजना गरिएको छ । आगामी पुस ११ देखि १३ गतेसम्म राष्ट्रिय सम्मेलन तय गरिएको छ ।

# नेपालमा...

धेरै देशहरुले कोरोना भेरियन्ट भेटिएको मुलुक दक्षिण अफ्रिकामा भने उडानमा प्रतिबन्ध लगाइसकेका छन् । स्वास्थ्य मन्त्रालयले पनि अन्तर्राष्ट्रिय विमानस्थलमा परीक्षण र आइसोलेसनमा कडा गर्ने तयारी थालेको छ । सीमा नाकामा समेत कडाइ तथा हेल्थ डेस्क स्थापना गर्ने तयारी पनि भएको छ ।

ओमिक्रोन भेरिएन्टको जोखिममा नेपाल पनि, हङकङबाट आउने क्वारेन्टिन बस्नैपर्ने र अनिवार्य परीक्षण गर्नुपर्ने नियम लागू गर्न लागिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

विज्ञहरुले खोप लगाइसकेका मानिसहरूलाई समेत संक्रमणको जोखिम भएको नयाँ भेरियन्ट भित्रन नदिन विदेशबाट आउने यात्रुहरूलाई नेपालले अनिवार्य क्वारेन्टिन र दोहोऱ्याएर पीसीआर विधिबाट परीक्षण गर्नुपर्ने सुझाव दिएका छन् ।

साथै विज्ञहरुले नयाँ भेरियन्टको असरविरुद्ध तयारीका लागि नेपालसँग अझै समय रहेका कारण स्वास्थ्य मापदण्डका नियमहरूलाई थप व्यवस्थित र प्रभावकारी बनाउनसमेत सुझाव दिएका छन् ।

# वैदेशिक...

रोजगारदाता र योगदानकर्ताको सङ्ख्या सन्तोषजनक छैन,' उनले भने, 'अब सामाजिक सुरक्षाको दायराबाट कोही पनि बाहिर पर्दैनन् ।'

नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले सरकार, रोजगारदाता र श्रमिकको त्रिपक्षीय सम्झौताका रुपमा सामाजिक सुरक्षा योजना शुरु भएको उल्लेख गर्दै सामाजिक सुरक्षा कार्यविधिलाई समयसापेक्ष सुधार गर्नुपर्ने बताए ।

सामाजिक सुरक्षाको प्रत्याभूति गरी श्रम क्षेत्रका समस्या समाधान गर्दै असल श्रम सम्बन्ध विकास गर्ने सबैको साझा लक्ष्य भएको जनाउँदै उनले सामाजिक सुरक्षा प्रणालीको कार्यान्वयनमा केही व्यावहारिक कठिनाइहरु देखिए पनि निराश हुनुपर्ने अवस्था नरहेको बताए ।

अखिल नेपाल ट्रेड युनियन महासङ्घका अध्यक्ष जगत सिंखडाले सरकारको उदासिनता, रोजगारदताको अनिच्छाका कारण सामाजिक सुरक्षा योजना कार्यान्वयनमा समस्या देखिएको बताए । 'सामाजिक सुरक्षालाई असफल पार्न श्रमिकमा भ्रम सिर्जना गर्न खोजिएको छ,' उनले भने, 'योजनाका सम्बन्धमा देखिएका अस्पष्टतालाई कोषले प्रष्ट पार्नुपर्छ ।'

कोषका कार्यकारी निर्देशक ज्ञवालीले सामाजिक सुरक्षा योजना कार्यविधिको दोस्रो संशोधन गरी योगदानकर्तामैत्री बनाउँदै लगिएको जानकारी दिए । उनले आगामी दिनमा समेत सामाजिक सुरक्षा प्रणालीको मूल मर्म ख्याल गर्दै समयसापेक्ष कार्यविधिमा परिमार्जन गर्दै थप योगदानकर्तामैत्री बनाइने प्रतिबद्धता व्यक्त गरे ।

# वैदेशिक...

विषय हुनसक्ने पनि हुने उनको भनाइ थियो ।

'हामीले प्रयास गर्यौं भने अहिलेको जस्तो बाध्यात्मक अवस्था अन्त्य हुन्छ,' प्रदेश प्रमुख खापुङले भने, 'यो अभ्यास शुभम् फाउण्डेशनले सुरु गरेको छ । आगामी दिन यसको अनुशरण सबैले गर्नुपर्छ ।' शुभम् ट्रेडिङ सेन्टर तथा अर्गानिक क्याफे भवनमा कस्टम हायरिङ सेन्टरसमेत सञ्चालनमा ल्याइएको फाउण्डेसनका कार्यकारी निर्देशक सुर्यबहादुर राईले बताए ।

उक्त भवन आन्तरिक तथा बाह्य पर्यटकलाई लक्ष गरेर मध्यपहाडी लोकमार्गमा निर्माण गरिएको छ । व्यवहारिक शिक्षा लागू गरिएको शुभम् फाउण्डेशन घुम्न आउने पर्यटकका लागि नजिकै रहेको पुरानो घरलाई मर्मत गरेर घरबास सञ्चालनमा ल्याइएको हो ।

घरबास र टेण्टमा कम्तीमा ५० जना पाहुनालाई बास राख्न सकिने फाउण्डेसनका संस्थापक एवं कृषिविज्ञ मदन राईले जानकारी दिए । शुभम् ट्रेडिङ सेन्टर तथा अर्गानिक क्याफे भवन निर्माणका लागि प्रदेश सरकारको रु २० लाखका साथै फाउण्डेनको लगानी तथा श्रमदानगरी करिब रु ८० लाख खर्च भएको जनाइएको छ । फाउण्डेशनले विभिन्न जिल्लाका असहाय तथा गरिब बालबालिकालाई जम्मा गरेर व्यवहारिक शिक्षा दिँदै आएको छ । कुटोकोदालोदेखि कम्प्युटरसम्मको शिक्षा दिँदै आएको फाउण्डेशनमा विभिन्न ५२ जिल्लाका २०० जना विद्यार्थी अध्ययनरत छन् ।


## ककनी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
रानिपौवा, नुवाकोट
बागमबती प्रदेश, नेपाल

**ठेक्का स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति : २०७८/०८/१२**

मिति २०७८/०६/१४ गते यस कार्यालय बाट प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरुको बोलपत्र मूल्याङ्कन भई तपसिल बमोजिमको बोलपत्र न्युनतम मूल्याङ्कनको आधारमा सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबैको जानकारीकालागी प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | सारभुत रूपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक रू. (भ्याट समेत) |
|---|---|---|---|---|
| 1. | 01/Kakani/Road/ 078-79 | Upgrading of Rajendra Prakash Sahid Marga Sisneri Jagare Kolpu Rural Road. | Kalidevi Nirman Sewa, Tarekeshwor-1 Kathmandu | 4803818.50 |
| 2. | 02/Kakani/Road/ 078-79 | Upgrading of Kule Sanochitre Manekharka Rural Road Ward No 2. | Beersheba Construction and Housing pvd. ltd., Kathmandu | 5016535.32 |
| 3. | 03/Kakani/Road/ 078-79 | Upgrading of Kaule Thana Bhotthansing Lampati Road. | Indrayani/Raktakanya/Prakashtara JV | 4742102.62 |
| 4. | 04/Kakani/Road/ 078-79 | Upgrading of Paitiskilo Kaphiform Keurini Sagu Jhakrikhola Rural Road. | Paakhren Nirman Sewa, Kakani-6, Nuwakot | 4752034.86 |
| 5. | 05/Kakani/Road/ 078-79 | Upgrading of Ranipauwa Lamagaun Chaturale Dhadphedi Rural Road. | R.B.S. Nirman Sewa Pvt. Ltd., Kakani-4, Nuwakot | 4542946.78 |
| 6. | 06/Kakani/Road/ 078-79 | Upgrading of Ranipauwa Putalichautara Kholapari Simpani Rural Road. | Krishna Laxmi Construction Pvt. Ltd., Kathmandu | 4730534.58 |

**प्रमुख प्रशासकीय अधिकृत**

# सबै नागरिकलाई पुग्ने खोपको व्यवस्था हुन्छ : स्वास्थ्य मन्त्री

**काठमाडौं /मस**–स्वास्थ्य तथा जनसंख्यामन्त्री विरोध खतिवडाले कोभिड नियन्त्रणका लागि सरकारले सबै नागरिकलाई पुग्ने खोपको व्यवस्था गरिसकेको बताएका छन् ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) सुनापति गाउँपालिकाले रामेछापमा आयोजना गरेको पार्टीको प्रथम अधिवेशनमा मन्त्री खतिवडाले सबै नागरिकलाई पूर्ण खोप लगाएर कोरोनाबाट सुरक्षित हुन आग्रह गरे ।

स्वास्थ्य क्षेत्रमा देखिएको जनशक्ति अभाव व्यवस्थापनका लागि अर्को व्यवस्था नहुँदासम्म सरकारको छात्रवृत्तिमा पढेका स्वास्थ्यकर्मीलाई करारमा नियुक्ति गरी कार्य क्षेत्रमा खटाइने उनले प्रष्ट पारे । उनले स्थानीय तहका कुनै वडामा कुनै प्रकारका स्वास्थ्य संस्था नभएकाले स्वास्थ्य संस्था स्थापना गर्न पहल भइरहेको बताए । तत्कालीन प्रधानमन्त्री केपी ओलीबाट दोस्रो पटक भएको संसद् विघटनले राजनीतिक समस्या आएपछि संसद्का बहुमत सदस्यसहितको हस्ताक्षरबाट वर्तमान सरकार गठन भएको जानकारी गराए । नेकपा (एकीकृत समाजवादी) सुनपाति गाउँपालिकाका अध्यक्ष दुर्गा घिमिरेको अध्यक्षतामा भएको कार्यक्रममा पार्टीका रामेछाप जिल्ला इन्चार्ज देवशंकर पौडेल, सहइन्चार्ज होम बुढाथोकी, केन्द्रीय सदस्य शान्ता पौडेल, मन्थली नगरपालिका प्रमुख रमेशकुमार बस्नेत, जिल्ला सचिव लालसिंह घिसिङ, काठमाडौं–रामेछाप सम्पर्क मञ्चका अध्यक्ष सुवास खत्रीलगायतले स्थानीय तहमा राजनीतिक संगठन विस्तारका लागि सुझाव दिएका थिए । सुनापति गाउँपालिकामा दुर्गा घिमिरेको अध्यक्षतामा ३५ सदस्यीय गाउँ कमिटी गठन भएको छ भने वडा नं ३ हिलेदेवी, वडा नं ४ बेथान र वडा नं ५ खनियाँपानीको वडा कमिटी पनि गठन भएको सो पार्टीले जनाएको छ ।



## थप २ सय १३ जनामा कोरोना

देशभर शनिबार थप २ सय १३ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । यस अवधिमा छ हजार ६ सय ३२ जनाको पिसीआर परीक्षण गरिएको थियो ।

यससँगै नेपालमा पिसीआर विधिबाट कोरोना परीक्षण गरिँदा संक्रमितको संख्या आठ लाख २० हजार ७ सय २४ पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

एन्टिजेन विधिबाट परीक्षण गर्नेको संख्या ९५ हजार ४ सय ६८ पुगेको छ । पछिल्लो समय थप ३ सय २५ जना कोरोनाबाट निको भएका छन् । यससँगै निको हुनेको संख्या आठ लाख दुई हजार ४७ पुगेको छ । निको हुने दर ९७ दशमलव सात प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । शनिबार कोरोनाबाट तीन जनाको मृत्यु भएको छ । यससँगै कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ५ सय २१ पुगेको छ ।

कोरोनाबाट हुने मृत्युदर एक दशमलव चार प्रतिशत रहेको छ । त्यसैगरी पछिल्लो समय एक लाख १५ हजार ४३४ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका मन्त्रालयले जनाएको छ ।

हाल देशभर सक्रिय संक्रमितको संख्या सात हजार १५६ रहेको छ । हाल होम आइसोलेशनमा छ हजार ७६१, संस्थागत आइसोलेशनमा ३५९, सघन उपचार कक्षमा १७८ र भेन्टिलेटरमा ३० जनाको उपचार हुँदैछ ।

# कांग्रेस दार्चुलाको सभापतिमा बोहरा विजयी

**गणेश सिंह धामी /मध्यान्ह**
दार्चुला, ११ मंसिर

नेपाली कांग्रेस दार्चुलाको सातौं अधिवेशनबाट सभापतिका उम्मेद्वार ललित सिंह बोहरा भारी मतले विजयी भएका छन् । सभापतिका अर्का उम्मेद्वार प्रतिद्वन्द्वी अमरसिंह धामीलाई ३ सय ११ मतान्तरले पराजित गर्दै बोहरा विजयी भएको निर्वाचन समितिले जनाएको छ ।

कुल खसेको ९ सय ५६ मतमध्ये बोहराले ६ सय २० मत प्राप्त गरेका हुन् भने धामीले ३ सय ९ मत प्राप्त गरेका थिए । योसँगै बोहरा पुनः कांग्रेस दार्चुलाको सभापतिमा दोहरिएका छन् ।

बिहीबार भएको निर्वाचनमा कूल १ हजार ४३ मतमध्ये ९ सय ५६ मत खसेको निर्वाचन अधिकृत देवराज अवस्थीले मध्यान्हलाई बताए । दार्चुला जिल्लाको क्षेत्र नम्बर (क) का ५ सय ८७ मध्ये ५ सय ३८ मत र क्षेत्र नम्बर (ख) का ४ सय ५६ मतदाता मध्ये ४ सय १८ मत खसेको अवस्थीले जानकारी दिए । पराजित धामी शैल्यशिखर नगरपालिका का मेयर हुन् । प्रतिस्पर्धी उम्मेद्वार एवं शैल्यशिखरका नगर प्रमुख धामीले विजयी सभापति बोहरालाई अंकमालका साथ बधाई तथा सफल कार्यकालको शुभकामना दिएका थिए ।

चुनावी मैदानमा गइसकेपछि हारजित स्वभाविक पक्ष हो । तर पनि पराजित मानसिकताले कुत्सित मनसाय पालेको देखिन्छ । तर प्रतिस्पर्धी धामीले लोकतान्त्रिक संस्कारलाई आत्मसाथ गरेको भन्दै उनको चौतर्फी प्रशंसा भएको छ । नवनिर्वाचित सभापति बोहरा र पराजित धामीबीच अंकमाल गरेको तस्वीर अहिले सामाजिक संजालमा चर्चित बनेको छ ।

# अबको पाँच वर्षभित्र नेपालमा गरिबी हट्छ : अर्थमन्त्री शर्मा

**अर्जुन बिष्ट /मध्यान्ह**
रुकुम पश्चिम, ११ मंसिर

अर्थमन्त्री जनार्दन शर्माले अबको पाँच वर्ष भित्र नेपालमा गरिबी हट्ने बताएका छन् । माओवादी केन्द्र रुकुम पश्चिमका पालिका सम्मेलन उद्घाटनमा आएका मन्त्री शर्माले अबको पाँच वर्ष भित्र नेपालीले के खाउँ, के लगाउँ ? भनेर चिन्ता गर्नुपर्ने अवस्थाको गरिबी नहुने बताएका हुन् ।‘जिवनयापनमुखी शिक्षा र स्वास्थ्यमा जोड दिएर अब मुलुकलाई आर्थिक उन्नतिको बाटो तर्फ लैजान नयाँ योजनाहरु निर्माण हुँदै छन्’, उनले भने, ‘अब म को हूँ भनेर चिन्नुपर्ने समय आइसकेको छ । जनताको आर्थिक अवस्थालाई माथि उकास्नको लागि सबै योजनाहरु उत्पादनमुखी हुनेछन् ।’ शनिबार



आठबिसकोट नगरपालिकाको दोस्रो नगर सम्मेलन उद्घाटन गर्दै शर्माले अब नेपालीले भोकमरीबाट ज्यान गुमाउनुपर्ने बाध्यता नभएको बताए । गाउँ टोलमा सहकारी समूहमार्फत पनि जनताको जीवनस्तरलाई माथि उकास्न सकिने भन्दै उनले श्रम सहकारीतर्फ जोडिन जोड दिए ।

त्यस्तै जनयुद्धमा आफ्नो ज्यानको बलिदानदिने आठबिसकोटका सहिद घाइतेलाई स्मरण गर्दै शर्माले घाइतेहरुलाई पूर्ण उपचार र मासिक छ हजार रुपैयाँ उपलब्ध गराउने प्रतिबद्धता गरे । समृद्ध समाज निर्माण भए मात्रै समाजबाद सफल हुने हुँदा विकासका काममा बढी जोड दिनुपर्ने मन्त्री शर्माले बताए ।शुक्रबारदेखि माओवादी केन्द्रले देशैभरका पालिकाहरुमा सम्मेलन सुरु गरेको छ ।

**रुकुम पश्चिमका ६ वटै पालिका सम्मेलन**

नेकपा माओवादी केन्द्र रुकुम पश्चिमका ६ वटै पालिकाको सम्मेलन भएको छ । अर्थमन्त्री तथा माओवादी केन्द्रका स्थायी कमिटी सदस्य जनादर्न शर्माले पालिका सम्मेलन उद्घाटन गरेका हुन् । शुक्रबार मुसिकोट नगरपालिका ,चौरजहारी नगरपालिका, सानीभेरी गाउँपालिका र त्रिवेणि गाउँपालिकाको सम्मेलन शुरु भएको थियो । यस्तै शनिबार बाँफिकोट गाउँपालिका र आठबिसकोट नगरपालिकाको दोस्रो पालिका सम्मेलन भएको हो ।

जिल्लाका ६ वटै पालिका सम्मेलन नयाँ नेतृत्व चयन गर्दै सकिने माओवादी रुकुम पश्चिमले जनाएको छ ।राष्ट्रिय महाधिवेशनको तयारीमा रहेको माओवादीले देशभर का ७ सय ५३ वटै पालिकामा सम्मेलन सुरु गरेको छ । शनिबार पार्टी अध्यक्ष प्रचण्डले पालिका सम्मेलनलाई भर्चुअल सम्बोधन गरेका थिए ।


## Satyawati Rural Municipality
## Office of Rural Municipal Executive
Johang , Gulmi
Lumbini Province

**Invitation for Bids**

**Invitation for Bids for Procurement of Fabricated Steel Parts for Bhaise Lampata Steel Truss Bridge**
**Second Date of publication: 28-11-2021 (2078/08/12)**

1. Office of Satyawati Rural Municipality, Johang , Gulmi invites electronic bids from eligible bidders for the Procurement of Fabricated Steel Parts For Bhaise Lampata Steel Truss Bridge.

| S.N | Contract No. | Description | Estimated Amount (Including Vat) | Bid Security (Nrs.) | Bid Document Fee (Nrs.) |
|---|---|---|---|---|---|
| 1 | SRM-GUL-G-SQ-01/78/79 | Procurement of Fabricated Steel Parts for Bhaise Lampata Steel Truss Bridge | 16,85,564.46 | 50,000 (Validity 75 Days) | 1000 |

| Information to deposit the cost of bidding document in Bank: | Information to deposit the cost of Bid Security in Bank |
|---|---|
| Name of the Bank: NCC Bank, Satyawati Branch<br>Name of Office: Satyawati Rural Municipality<br>Office Account no.: 1470000018301 Satyawati Rural Municipality Ga-1.1 Aantarik Rajaswa Khata | Name of the Bank: NCC Bank, Satyawati Branch<br>Name of Office: Satyawati Rural Municipality<br>Office Account no.: 1470000005101 Satyawati Rural Municipality Ga-3 Dharauti Khata |

2. Eligible Bidders may obtain further information, inspect and submit the bidding document at PPMO website

| Last Date and Time for Bid Submission and Purchase | Date and Time For Bid Opening |
|---|---|
| Date: 14-12-2021 (28-08-2078) | Date 14-12-2021 (28-08-2078) |
| Time : Within 12:00 Hours | Time: 13:00 Hours |

Note: The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years. New fabricators may apply in joint venture with an eligible firm having the required experience . However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.

**Chief Administrative Officer**


# सांगीतिक अभियानकर्ताद्वारा रक्तदान

**दिपेन्द्र श्रेष्ठ /मध्यान्ह**
भक्तपुर, ११ मंसिर



सांगीतिक अभियानकर्ता भक्तपुर सांगीतिक समाजको आयोजनामा भक्तपुर सूर्यविनायकमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

२०७४ मंसिर १२ गते औपचारिक सुरुवात गरेको सांगीतिक समाजले पाँचौ स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रमको आयोजना गरेको हो ।

भक्तपुर सांगीतिक समाजको यो सामाजिक उत्तरदायित्व निर्वाह कार्यमा राग रागीनी इन्टरटेण्ट्मेन्ट प्रा. लि. सल्लाघारी भक्तपुर र न्हेस त्वः अजिमा बचत तथा ऋण सहकारी संस्था लिमिटेड सूर्यविनायक भक्तपुरले सहयोग गरेको थियो । कार्यक्रममा २५ जना रक्तदाताहरुले रक्तदान गरेका थिए । कार्यक्रमलाई रोचक बनाउन विभिन्न कलाकारहरुले आफ्नो सहभागीता र गीत संगीत प्रस्तुत गरेका थिए । गायकहरु राजे समान के. सी, कपिल कसपाल, बिजेन्द्र चवाल, प्रविन शाही, विनोदराज ढुंङेल, श्रीजल मधिकर्मीले आफ्नो सांगीतिक प्रस्तुती दिएका थिए भने रक्तदाताहरुको हौसला बढाउन वरिष्ठ गीतकार शुभाषचन्द्र ढुंगेल, गायक अजर जंगम, शास्त्रीय गायक सुनिल लोहला, संगीतकार हेम लामा र सुमन रञ्जितकार, त्यसै गरेर साहित्यकार अनिश शाक्यसहित संचारकर्मी मतिना लिबि, रेणु त्वायनाबासुलगायतको कार्यक्रमको सहयोग रहेको थियो ।


## सिदिङ्वा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
साव्लाखु, ताप्लेजुङ
१ नं. प्रदेश,नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०७८/०८/१२**

यस गाउँपालिकाको कार्यालयबाट मिति २०७८/०५/०७ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार रीत पूर्वक पेश हुन आएका बोलपत्रहरु मध्ये मुल्याँकन समितिबाट न्यूनतम मुल्याँकित सारभूत रुपमा प्रभावग्राही देखिएको देहाय वमोजिमको बोलपत्रदातालाई स्वीकृतिका लागी छनौट गर्ने निर्णय भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा नियमावली २०६४ को नियम ५४ (क) वमोजिम सम्बन्धित सबै को जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**देहायः–**

| सि. नं. | ठेक्का आई.डि. नं. | योजनाको नाम | छनौट गरिएका बोलपत्रदाता | स्वीकृत बोलपत्रको रकम (मु.अ. कर सहित ) |
|---|---|---|---|---|
| १ | SRMTPJ/NCB/WORKS/ROAD/078/079-01 | “कार्तिके - साल्बोटे - कटुवालडाँडा - मादिबुङ - लिम्बुदिन- मेहेले सडक विस्तार” | आशिष, आशिरवाद र योगेश्वर जे.भि. त्रियुगा-१३, उदयपुर । (Ashish, Aashirbad Yogeshwor J.V. Triyuga–13, Udaypur.) | १,३४,६७,१२६।९४ (रु. एक करोड चौतिस लाख सठ्सठ्ठी हजार एक सय छब्बीस पैसा चौरानब्बे मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**



## Barahakshetra Municipality
## Office of the Municipal Executive
Chakarghatti, Sunsari

**Invitation For Bid**

**Date Of Publication: 2078/08/12 (2021 Nov. 28)**

| S.N. | Description of Works | Contract Identification No. | Estimated amount NRs (Without VAT & Contingencies) | Bid Security (NRs) | Bid document fee |
|---|---|---|---|---|---|
| 1. | Construction of blacktop road ward no.04,Dubaai dekhi Nahar jodne bato CH:01+442 to 02+142 | BKM/NCB/46/078/079 | NRs 8292042.00 | NRs 235000.00 | NRs 3,000.00 |
| 2. | Construction of blacktop road ward no.02,Jagriti Chowk hudai Railway 13RD Sombarey jane bato CH: 02+340 to 03+405 | BKM/NCB/47/078/079 | NRs 14454415.37 | NRs 408000.00 | NRs 3,000.00 |

1. Barahakshetra Municipality, Office of the Municipal Executive, Sunsari invites a bid for the construction of Balcktop Road under National competitive bidding.
2. Eligible Bidders may obtain further information from Office of Barahakshetra Municipality, Chakraghatti, Sunsari, email id : **barahmun@gmail.com** or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. Bidder who chooses to submit their bid electronically may purchase the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below :
   **Name of the Bank**: Mega Bank Ltd, Chakragahtti
   **Name of Office**: Barahakshetra Municipality
   **Office Account no.**: 3060010002948 ( Antaric rajaswa)
4. Electronic bids must be submitted through PPMO website **www.bolpatra.gov.np/egp** on or before 12:00 PM, 2078/09/13. Bids received after this deadline will be rejected.
7. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM, 2078/09/13 at the office of Barahakshetra Municipality, Sunsari. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to Rs mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
   **Account Detail For Bid Security:**
   **Name of the Bank**: Mega Bank Ltd, Chakragahtti,Sunsari
   **Name of Office**: Barahakshetra Municipality, Sunsari
   **Office Account no.**: 3060010003088 (Dharauti Acc.)
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning whatsoever.

**Chief Executive Officer**

## सम्पादकीय

### अलोकतान्त्रिक अभ्यास

चितवन जारी नेकपा (एमाले)को महाधिवेशनले पदाधिकारी र केन्द्रीय सदस्य छान्ने सर्वाधिकार पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई दिएको छ । पदाधिकारी चयनमा सहमति नबनेपछि संगठन विभाग प्रमुख विष्णु पौडेलले पदाधिकारी र केन्द्रीय सदस्य छान्ने जिम्मा ओलीलाई दिन गरेको प्रस्तावलाई बन्द सत्रले पारित गरेको हो । बन्द सत्रले पदाधिकारी र केन्द्रीय सदस्यको चयनकै अधिकार दिएसँगै ओली वैधानिक रूपमै थप शक्तिशाली बनेका छन् । उनी पार्टी निर्विकल्प नेतृत्वको रूपमा स्थापित पनि भएका छन् । एमालेमा महाधिवेशनको सुरूवातीसँगै पदाधिकारी चयनका विषयमा निकै विवाद देखिएको थियो । वरिष्ठ उपाध्यक्ष र महासचिवका पद प्राप्तिकै लागि थुप्रै समूहहरू खडा भएका थिए । शनिबार पदाधिकारी चयनमा देखिएको विवादकै कारण बन्द सत्र शुरू हुन ढिलाई भएको थियो । पछिल्लो निर्णयसँगै विवादका विषयहरू हल हुने देखिएको छ ।

बन्द सत्रले ओलीको निर्णयलाई चित्त नबुझे चुनावमा उठ्ने अधिकार त दिएको छ तर, कमजोर देखिएको १० बुँदे समूह र पूर्वमाओवादी समूह बलियो संस्थापन समूह अगाडि हराउने देखिन्छ । असन्तुष्ट समूहले तबबिजका निर्णयलाई स्वीकार गर्नुपर्ने स्पष्ट छ । बहुमत समूहले गरेको निर्णयलाई अस्वीकार गर्ने विषय नरहला तर, लोकतान्त्रिक अभ्यासमा भने ठूलो धक्का पुग्ने देखिन्छ । बन्द सत्रले गरेको यो निर्णयले लोकतान्त्रिक भनिएको एमालेको छबिमा नराम्रो असर गर्ने पक्का छ । साथै एमालेभित्र बढ्दै गरेको व्यक्तिको देवत्वकरणलाई टेवा दिने देखिन्छ ।

नवौं महाधिवेशनसँगै पार्टी अध्यक्ष ओलीले स्थापित गरेका मान्यताविरूद्ध पटक–पटक एमालेभित्र विद्रोह भएको थियो । तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (नेकपा)मा आएको विभाजन पनि ओलीको व्यक्तिवादी शैलीकै कारण थियो । नेकपाको विघटनपश्चात ब्यूँतिएको एमालेमा ओलीको नेतृत्व शैलीकै कारण माधवकुमार नेतृत्व समूह एमालेबाट अलग भएको हो । सबैकुरामा सर्वाधिकार हुन खोज्ने ओली शैलीबाट समस्यामा परेको माधव समूहले विद्रोहभन्दा बाहेकको विकल्प देखेको थिएन । ओलीमा चरम व्यक्तिवादी सोंच र शैली यसअघिदेखि देखिन्छ । विरोधी र विपक्षीलाई उनले जहिले पनि किनारा लगाउने काम गरेका छन् । आफुँ अनुकुलका विधि तथा विधानको व्यवस्था गर्न माहिर ओलीलाई बन्द सत्रको पछिल्लो निर्णयले थप सहयोग गरेको छ । तर, यो निर्णयले एमालेलाई लोकतान्त्रिक अभ्यासतर्फ लैजान असहयोग गर्ने देखिन्छ । पछिल्लो निर्णयले ओलीलाई थप निरंकुश र स्वच्छेचारी बनाउन मद्दत गर्ने पक्का छ ।

# एमालेको कुम्भमेला : बदनाम जोगाउने कसरत

महाधिवेशनमा सोझै संगठनमा प्रवेश गर्ने र ओलीको एकल नेतृत्व चयन गर्ने योजना रहेको देखिन्छ । त्यहाँ ओलीको देवत्वकरण नै सबैभन्दा ठूलो उपलब्धि हुनेछ । विचार सकिएको बुर्जुवा पार्टीमा विचारको त कुरै भएन ।



● हस्तबहादुर केसी

चितवनमा नेकपा (एमाले) को दशौं महाधिवेशन जारी छ । लेख तयार गर्दै गर्दासम्म महाधिवेशनको बन्द सत्र चलिरहेको छ । यसअघि शुक्रबार नारायणी नदीको किनारामा केही मानिस उतारेर शक्ति प्रदर्शनसहित महाधिवेशनको उद्घाटन गरिएको थियो । एमालेले यसअघि बुटवलमा महाधिवेशन गर्ने घोषणा गरेको थियो । तर पछि नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को निर्वाचन क्षेत्र चितवन नै भएकोले एमालेले प्रचण्डलाई देखाई दिनका लागि नै नारायणी नदी किनारको भूगोल रोजेको हो । एमालेले महाधिवेशनको स्थल सारेको कुरा स्वयं पार्टी अध्यक्ष केपी शर्मा ओलीले नै खुलासा गरिरहेका छन् ।




नेकपा (माओवादी केन्द्र) अध्यक्ष प्रचण्ड केपी ओलीका दुश्मन हुन् । किनभने प्रचण्डले एमालेकै वरिष्ठ नेताहरु - माधवकुमार नेपाल, झलनाथ खनाललगायतका नेताहरुलाई आफ्नो हातमा लिएर नेपालमा घाम-जुन रहेसम्म झण्डै दुई तिहाईको सरकार चलाइरहने ओलीको गुलियो सपनासहितको महल सिशा फुटाए झैँ सकाइदिएका थिए । माधवकुमार नेपालको समूहले पनि केपी ओलीको झण्डै दुई तिहाइको संसारकै पहिलो भ्रष्ट सरकारको ती ठाउँमा हड्डी भाँचिदिएका थिए । कांग्रेस त प्रचण्डको साधन मात्रै बनेको थियो तर, सच्चा हतियार त माधवकुमार नेपालहरु नै थिए । त्यसैले पनि ओली प्रचण्ड-माधवकुमार नेपालहरुप्रति खनिका हुन् ।

हामी मार्क्सवादी तथा क्रान्तिकारी कम्युनिस्टहरूले आज आएर एमालेका बारेमा दार्शनिक रुपले, सैद्धान्तिक रुपले धेरै भन्नू केही छैन । किनभने हामीले एमालेलाई आज मात्र चिनेको होइन । यसलाई उहिल्यै चिनेको हो, जब एमालेले जनताको बहुदलीय जनवाद नामक पुँजीवादी संसदवादी रणनीतिक कार्यदिशालाई आफ्नो मार्गदर्शक सिद्धान्त बनाउँदै दलाल पुँजीपतिहरु र संसदवादीहरुको झण्डा हल्लाउँदै नेपालको संसदभित्र छिर्यो र मार्क्सवाद र लेनिनवादको झण्डालाई बागमती नदीमा बगाउँदै दलाल पुँजीवादको झण्डा हल्लाउँदै दक्षिणपन्थी संशोधनवादको बाटो हुँदै प्रतिक्रियावादी बाटो समात्यो र प्रतिक्रियावादी सत्ता चलाउन थाल्यो र पजेरोवादी, महलवादीमा परिवर्तन भयो, त्यतिबेलादेखि नै एमालेलाई चिनिसकेको कुरा हो । तर एमालेले कम्युनिस्ट पार्टीको खोल ओढेर नेपाली जनतालाई झुक्याउँदै र ढाँट्दै आएकोले आजसम्म पनि मानिसहरु एमालेलाई कम्युनिस्ट भन्दै आएका छन् । यो कुरा गलत हो, एमालेले कम्युनिस्ट होइन, कम्युनिस्टहरूको खोल ओढेको हो ।

एमालेको महाधिवेशनमा गम्भीर राजनीतिक तथा वैचारिक छलफल छैन् । विगतका कार्यहरुको सिंहावलोकन, कमीकमजोरीहरुको समीक्षा गर्ने काम पनि हुने देखिन्न । वर्तमान अध्यक्ष ओलीको देवत्वकरण गर्ने, जय जयकार गर्ने र 'बा' भन्ने जमातको उत्साह मात्रै महाधिवेशनमा देखिन्छ । लाग्दैछ महाधिवेशन होइन् त्यहि जमातको 'कुम्भ मेला' हो ।

चितवन भरी जताततै, गेटहरुमा केपी ओलीका ठूला ठूला पोष्टरहरु झुन्ड्याइएको छ । यतिबेला केपी ओलीलाई बाँदर डराउन हाल्ने बुख्याँचा जस्तै बनाइएको छ । अहिले केपी ओलीलाई किन यति धेरै उचालिएको छ ? कसले उचालिरहेका छन् ? उनीहरूले के स्वार्थले केपी ओलीलाई 'बा' भन्दै काल्पनिक ईश्वर बनाएका छन् ? भन्ने प्रश्न उठ्नु स्वाभाविक हो । यस्तै यस्तै प्रश्नहरु उठिरहेका छन् ।

वास्तविकता के हो भने कम्युनिस्टको नाममा प्रधानमन्त्री भएको बेला, झण्डै दुई तिहाईको सरकार चलाइरहेको बेला उनी संसारमै सबैभन्दा बढी बदनाम भए । ३ वर्षे कार्यकालमा संसारकै पहिलो भ्रष्ट प्रधानमन्त्री बने । उनकै पालामा नेपालमा सबैभन्दा बढी भ्रष्टाचार भयो । नेपालको राजनीतिक इतिहासमा ओलीकै पालामा सबैभन्दा बढी बलात्कारका घटनाहरु घटे । उनकै पालामा निर्मला पन्तलगायत दर्जनौं छोरी चेलीबेटीहरु बलात्कृत भए । ओलीले ती सबै बलात्कारीहरुलाई संरक्षण दिए, बलात्कार गर्न अपराधीहरुलाई हौसला दिए । ओलीकै पालामा वाइडवढी जहाजकाण्ड, ओम्नी काण्ड, ललिता निवास काण्ड, यति काण्ड, सुन काण्डलगायत दर्जनौं भ्रष्टाचारका काण्डहरु घटाइए । यी सबै भ्रष्टाचारका काण्डहरुमाथि छानबिन नगरी संरक्षण गरिनु ओलीकै संरक्षणमा घटाइएको भन्ने प्रष्ट हुन्छ ।

> एमालेको महाधिवेशनमा गम्भीर राजनीतिक तथा वैचारिक छलफल छैन् । विगतका कार्यहरुको सिंहावलोकन र कमीकमजोरीहरुको समीक्षा गर्ने काम पनि हुने देखिन्न । वर्तमान अध्यक्ष ओलीको देवत्वकरण गर्ने, जय जयकार गर्ने र 'बा' भन्ने जमातको उत्साह मात्रै महाधिवेशनमा देखिन्छ । चितवन हेर्दा लाग्दैछ, महाधिवेशन होइन 'बा' भन्ने जमातको 'कुम्भमेला' हो ।

ओली प्रधानमन्त्री भए कै अबधिमा गृहमन्त्रालय र प्रधानमन्त्री कोषबाट खरबौं रकम आफ्ना आसेपासेलाई बाँढेर जनताको राष्ट्रिय ढुकुटीमा ब्रम्हलुट मच्चाउने काम भएको छ । कोभिड-१९ को निहुँमा जनताको खरबौँको ढुकुटी आफ्नो गुट बलियो बनाउन र कार्यकर्ताहरुलाई पोष्न खर्च गरियो । गण्डकी र लुम्बिनीमा मुख्य मन्त्रीहरुको पद जोगाउन प्रदेश सांसदको खुलमखुला खरिदबिक्री नै गरियो ।

प्रचण्ड र माधवकुमार नेपाललाई विरोध गर्ने नाउँमा आफ्नो कार्यकर्ता परिचालनमा अरबौंको राष्ट्रिय सम्पत्ति दुरुपयोग गरियो । दुई-दुई पटकसम्म संसद विघटन गरेर पनि आफ्नो सत्ता जोगाउन असफल भएको बेला सत्ता जोगाउन सकिन्छ कि भनेर ओलीले राष्ट्रको अरबौ सम्पत्ति दुरुपयोग गरे । करिब ३ वर्षसम्म पार्टीको बैठक सरकारी निवास बालुवाटारमा बसालेर कर्ताहरुलाई ल्याउने, खुवाउनेलगायत त्यस काममा जनताको अरबौं सम्पत्तिमा लुट मच्चाउने काम गरे ।

नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाएर दुई वर्षको अबधिमा फासीवादी शासन चलाइकै कारणले पनि ओली नेपालबाट मात्र होइन, संसारमै बदनाम भएका व्यक्ति हुन् । प्रचण्ड-माधवकुमार हरुका विरुद्ध आफ्ना कार्यकर्ता परिचालनमा मात्रै ओलीले अरबौंको जनताको अरबौंको सम्पत्तिमाथि लुट मच्चाउने काम गरेका थिए ।

मुलुकमा हत्या, हिंसा, लुटपाट, बलात्कार, कालोबजारी, तस्करी, कमिशन, बिचौलिया पाल्ने, पोष्ने, हरक्षेत्रमा महंगी बढाउनेलगायतका जनताका विरुद्ध उनले हजार गल्ती गरेकै कारण उनी नेपालमा मात्रै होइन, संसारमै बदनाम भएका व्यक्ति हुन् ।

एमालेको चितवन जारी कुम्भ मेलामा यसरी बदनाम भएको र नांगिएको व्यक्तिको इज्जत जोगाउने योजना बनेको छ । एमालेको दशौं महाधिवेशनमा राजनीतिक छलफल बहस नहुने प्रष्ट छ । महाधिवेशन सोझै संगठनमा प्रवेश गर्ने र ओलीको एकल नेतृत्व चयन गर्ने योजना रहेको देखिन्छ । त्यहाँ ओलीको देवत्वकरण नै सबैभन्दा ठूलो उपलब्धि हुनेछ । विचार सकिएको बुर्जुवा पार्टीमा विचारको त कुरै भएन ।

नेपाली कम्युनिस्ट आन्दोलनभित्रको एउटा गलत ट्रेन भनेकै व्यक्तिलाई देवत्वकरण गर्नु हो । दश वर्षे जनयुद्धको प्रक्रियामा तत्कालीन नेकपा (माओवादी) र त्यसका नेता कार्यकर्ताहरुबाट प्रचण्डलाई चरम देवत्वकरण गरिएको थियो । यतिसम्म कि प्रचण्डलाई 'प्रचण्ड पथ' को पगरीसमेत दिइएको थियो ।

अहिले ओलीमाथि पनि चरम देवत्वकरण बढाइएको छ । विचार बिनाको पार्टीमा आफ्नो स्वार्थपूर्तिका लागि कार्यकर्ताहरुले नेताको देवत्वकरण गर्ने गर्दछन् । अहिले ओलीकै आड र संरक्षणमा हिजो सरकारमा भएको बेला राष्ट्रको सम्पत्ति लुटेका र भोलि पनि ओली कै संरक्षणमा राष्ट्रको सम्पत्ति लुट्न पाइन्छ भन्नेहरु ओलीलाई 'बा' भन्दै उनको चरम मात्रामा देवत्वकरण गरिरहेका छन् ।

अहिले एमालेको दशौं महाधिवेशन दुईवटा उद्देश्यले आयोजना गरिएको छ - एउटा हो पार्टीले वैधानिकता प्राप्त गर्ने । किनभने संवैधानिक व्यवस्था बमोजिम ५/५ वर्षमा संसदीय पार्टीहरुले आफ्नो पार्टीको महाधिवेशन वा राष्ट्रिय सम्मेलन गरेर पार्टीलाई नविकरण गरेको हुनुपर्छ । एमालेको नवौं महाधिवेशन भएको पनि ५ वर्ष कटिसकेको छ । त्यसैले पनि अनिवार्य रुपमा महाधिवेशन गर्नुपर्ने हुन्छ, नत्र पार्टीको दर्ता खारेज हुन्छ । त्यसैले पनि उसले राष्ट्रिय महाधिवेशन गर्नुपर्ने थियो र गर्दै छ । अर्को हो - महाधिवेशन गरेर पार्टी वैधानिक भइसके पछि, ओलीको नेतृत्वमा एकल पार्टी निर्माण गर्ने । जुन आज कुम्भ मेलाको रुपमा मञ्चन भईरहेको छ ।

***(लेखक केसी वरिष्ठ मार्क्सवादी लेखक तथा राजनीतिक विश्लेषक हुन् ।)***

## सामाजिक सञ्जाल



**- युङ्जा मिजा**

नेतालाई यस्तै कुरा मन पर्छ । जो साँच्चिकै तल काम गरिरहेका छन् तीनले चियाउनसमेत पाउदैनन् । त्यस्ता गलत प्रवृत्ति बोकेका केही एमालेको महाधिवेशनमा केन्द्रीय सदस्य पड्काउने दाउमा पनि छन । त्यस्तालाई अवसर दिएर पार्टी उभो लाग्नेवाला छैन । त्यसैले जो साँच्चिकै हकदार छ उसलाई पद, अवसर दिइयोस् ।



**- बिद्रोही शालिग्राम**

विधान महाधिवेशनको अर्थ के रह्यो ? यसको जवाफ खोज्ने अधिकार त हामी कार्यकर्ताहरूलाई होलानी ? जे भन केपी ओलीले जे गरेपनि ताली पड्काउन चाहिँ सकिन्न । दुई महिनामै विधान संशोधन गरिनु त्यो पनि नेताहरूलाई पद व्यवस्थापनको लागि, के पद विना राजनीति गर्न सकिन्न ?



**- रवि मिश्र**

विरोधीले जतिसुकै भने नि एमाले साँच्चै नै मामुली पार्टी होइन । उसको शक्तिलाई कम आक्न सकिन्न । इतिहासमा कुनै पनि भिडले सिकिस्त बिरामी बोकेको एम्बुलेन्सलाई रोक्न सकेको थिएन । 'बा'को फौजले सक्यो । मानवताका सामु जोसुकै पनि झुक्न सक्थ्यो । 'बा'को फौज झुकेन ।



**- डा.एलिया अर्याल**

चितवनमा जारी एमाले महाधिवेशनमा देह व्यापारको अखडा बनाउनु ऐतिहासिक पार्टी एमालेका लागि घातकसिद्ध छ । महाधिवेशन नभएर एमालेका कार्यकर्ताको हनिमुन केन्द्र बन्नु लज्जास्पद विषय हो । स्थानीय बजारमा प्यान्थरको समेत अभाव हुने गरि एमालेले कस्तो महाधिवेशन मनायो ? दुनियाँ छक्क परेको छ ।



**- प्रेम जी मगर**

गगन थापा जहिल्यै नेतृत्व परिवर्तन गर्नुपर्छ भन्छन् । तर, कांग्रेसको राजनीतिमा उनी रामचन्द्र पौडेल वा कृष्णप्रसाद सिटौलाको छत्रछाँयामा सुरक्षित रहन चाहन्छन् । यदि नेतृत्व नै परिवर्तन गर्ने हो भने, सभापति पदमा लड्न किन सक्दैनन् ? बोलेर मात्रै हुन्छ ? व्यवहारमा लागु गर्न सक्नु पर्दैन ?

## टिप्पणी

● तारा पौडेल



# आन्तरिक लोकतन्त्रको अभ्यासमा माओवादी

लामो समयदेखि औपचारिक अधिवेशन नगरेको नेकपा (माओवादी केन्द) पनि यतिबेला युद्धस्तरमा देशव्यापी अधिवेशन गर्न जुटेको छ । ०५२ साल अगाडि अर्धभूमिगत, ०५२ पछाडि पुर्ण भूमिगत र ०६२/६३ सालको आन्दोलसँगै पुर्णं रुपमा खुला राजनीतिमा आएको माओवादी औपचारिक लोकतान्त्रिक अभ्यासमा त्यति अभ्यस्त भइसकेको छैन् । अन्य धेरै विषयहरुका बाबजुद पार्टीमा लोकतान्त्रिक अभ्यासको कमीका कारण पनि माओवादी कमजोर बन्दै गएको थियो । संविधानले पार्टीहरुको महाधिवेशनसँग सम्बन्धित गरेको व्यवस्थाले पनि माओवादी अरु राजनीतिक दलसँगै बाध्यताबस औपचारिक रुपमा अधिवेशन तथा महाधिवेशनमा प्रवेश गर्नुले माओवादी माओवादी संगठन मजबुत हुने आंकलन गर्न सकिन्छ ।

नेपालको वर्तमान संविधान र व्यवस्थाको दृष्टिकोण र संरचनात्मक पाटोमा सबैभन्दा ठूलो योगदान रहेको माओवादी पार्टी कमजोर हुने कुराले अन्य पक्षहरुले अहिलेको व्यवस्थामाथि नै प्रश्न उठाउन थालेको देखिन्छ । नेपालको रुपान्तरणकारी आन्दोलनमा पृथ्वीनारायण शाह, विपी कोइराला र पुष्पकमल दाहाल 'प्रचण्ड' मात्रै ति व्यक्ति हुन् जसले नेपालको इतिहासलाई क्रमभंग गर्ने काम गरेका छन् । पृथ्वीनारायण शाहको योगदानको कारण आज नेपाल विश्व राजनीतिक मानचित्रमा जिवित हुन पुगेको छ । जहाँनिया राणासासनको अन्त्य र नेपालमा दलिय राजनीतिको जग बसाल्ने युगको सुरुवात विपीको नेतृत्वमा भएको कुरालाई इतिहासले कहिल्यै अस्वीकार गर्न सक्दैन् । त्यस्तै नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापनाको नेतृत्व पनि पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा भएको माओवादी आन्दोलनकै कारण भएको भन्ने कुरालाई इतिहासबाट बंग्याउन सकिँदैन् ।

> व्यवस्था र संरचनामा सबैभन्दा ठुलो योगदान गरेको माओवादी पछाडि पर्नु उसका र बाह्य धेरै कारणहरु छन्, जसलाई इतिहासले उजागर गर्दै जाला । तर एउटा महत्वपुर्ण कारण माओवादीभित्रको आन्तरिक लोकतन्त्रको अभ्यासमा कमी हुनु हो । देशको बिडम्बना भन्नुपर्छ एउटा कुनै विचार दृष्टिकोण नभएको एमाले देशको ठुलो कम्युनिष्ट पार्टी बन्न पुगेको छ तर, संविधानमा नै समाजवाद लेख्ने काम गरेको माओवादी छिन्न-भिन्न अवस्थामा पुगेको छ ।

व्यवस्था र संरचनामा सबैभन्दा ठुलो योगदान गरेको माओवादी पछाडि पर्नु उसका र बाह्य धेरै कारणहरु छन्, जसलाई इतिहासले उजागर गर्दै जाला । तर एउटा महत्वपुर्ण कारण माओवादीभित्रको आन्तरिक लोकतन्त्रको अभ्यासमा कमी हुनु हो । देशको बिडम्बना भन्नुपर्छ एउटा कुनै विचार दृष्टिकोण नभएको एमाले देशको ठुलो कम्युनिष्ट पार्टी बन्न पुगेको छ तर, संविधानमा नै समाजवाद लेख्ने काम गरेको माओवादी छिन्न-भिन्न अवस्थामा पुगेको छ । एमाले केवल संगठनात्मक नियमित अभ्यासका कारण एउटा पार्टी बनेको हो, उसले यथास्थितिमा कसरी हावी भइरहने र आन्तरिक लोकतन्त्रलाई कसरी ध्यान दिने भन्ने विषयलाई नियमित ख्याल गर्‍यो । त्यसैले माओवादीले आफ्नै विचारमा उभिएर र कांग्रेस-एमालेको आन्तरिक लोकतन्त्रबाट पाठ सिक्दै अगाडि बढ्न जरुरी छ । यो देशको महाधिवेशनमय समयलाई माओवादीले पनि उच्च सदुपयोग गरोस् ।

# किन कायमै छ गाँजामाथिको प्रतिबन्ध ?

अमेरिका चाहँदैन, भारतसहितका देशहरुमा गाँजा र भांगाको व्यापार खुलम खुला होस् । उत्पादनको सात हजार वर्षभन्दा बढी समयको अनुभव संगालेको भारत अमेरिकाको चाहनाले आज खुम्चिएको छ । सन् १९६१ मा लागूऔषधसम्बन्धी संयुक्त राष्ट्र संघको महासन्धिअनुसार भारतले एनडीपीएस ऐन लागू गरेको थियो ।



● सुभाष चन्द्र

सन् २०२० मा विश्व स्वास्थ्य संगठनको संस्था कमिसन अन नाकोर्टिक्स ड्रग्सका ५३ सदस्य राष्ट्रमध्ये भारतसहितका २७ राष्ट्रले गाँजालाई खतरनाक औषधिको सूचीबाट हटाएका थिए । त्योभन्दा पहिला, अमेरिकाको क्यालिफोर्नियाले जनवरी २०१८ मा नै गाँजाको बिक्रीलाई अनुमोदन गरेको थियो । क्यालिफोर्नियाले प्रतिबन्ध हटाएको दुई वर्षको बीचमै गाँजाको व्यापारबाट करिब ११ हजार ७५२ करोड राजस्व कमाएको थियो ।

यदि गाँजा उत्पादनको प्रयोगलाई नार्कोटिक्स ड्रग्स एण्ड साइकोट्रोपिक सब्सटेन्सेस ऐन, १९८५ (एनडीपीएस ऐन)अन्तर्गत नियमन नगरिएको भए भारतले पनि यस्तो व्यवसायबाट निकै ठूलो फाइदा लिन सक्थ्यो । सन् १९८० सम्म, भारतमा गाँजा र चरेस कानूनी रूपमा बेचिन्थ्यो । यो प्रतिबन्ध अमेरिकी दबाबमा लागू भएको हो ।



अमेरिका चाहँदैन, भारतसहितका देशहरुमा गाँजा र भांगको व्यापार खुलम खुला होस् । उत्पादनको सात हजार वर्षभन्दा बढी समयको अनुभव संगालेको भारत अमेरिकाको यही चाहनाले आज खुम्चिएको छ । सन् १९६१ मा लागूऔषधसम्बन्धी संयुक्त राष्ट्र संघको महासन्धिअनुसार भारतले एनडीपीएस ऐन लागू गरेको थियो ।

मदिराको सेवनले कलेजोलाई सिरोसिसको सिकार बनाउँछ भने चुरोटले मुखको क्यान्सर निम्त्याउँछ । अर्कोतर्फ, हाम्रो लोक परम्परामा शताब्दीयौंदेखि देवताहरूलाई गाँजा र भांग चढाइँदै आएको छ । शिवलाई भांग र धतुरो चढाउने चलन सामान्य झैं छ ।

बेलायती सरकारले सन् १८९३ को शुरुमा गाँजालाई हानिकारक मानेन । जब सन् १८९३ मा भारतमा हेम्प ड्रग्स कमिसन स्थापना भयो, तब पनि गाँजामाथि प्रतिबन्ध लगाउने कुरा गरेन । बेलायतीहरूले गाँजाको प्रयोगको अनुगमन गरे, तर यसलाई गैरकानूनी मानेनन् ।

भारतमा वर्षेनी खर्बौं रुपैयाँको मदिराको कारोबार हुने गर्दछ । गाँजा वा भांगमा प्रतिबन्ध हटाइएमा यसको सिधा असर मदिरा व्यवसायमा पर्नेछ । त्यसैले मदिरा व्यवसायीहरुले पनि प्रतिबन्ध कायमै राख्न दबाब दिइरहेको देखिन्छ । यदि गाँजा र भांगमा लगाइएको प्रतिबन्ध हटाइएमा उनीहरुको हातबाट आम्दानीको ठूलो स्रोत गुम्ने निश्चित छ । साथै विभिन्न प्रकारका कागज र कस्मेटिकजन्य उत्पादन पनि गाँजाको बोटबाट बनाइन्छ । यसको विश्वव्यापी बजार ४.७ अबर डलरको छ । भांग र गाँजामाथि गरिएको प्रतिबन्धनले नै अन्तर्राष्ट्रिय बजारमा भारतको योगदान शून्य छ ।

भारतमा औषधिजन्य सामाग्री उत्पादन गर्न, वैज्ञानिक र औद्योगिक प्रयोगको लागि अनुमति लिएर मात्रै गाँजा उत्पादन गर्न सकिन्छ । तर, यसले भ्रष्टाचार बढाइरहेको मात्रै देखाउँछ । लाइसेन्स बिना गाँजाको खेती गरे १० वर्षसम्म कैद हुने व्यवस्था कानूनमा छ ।

गाँजा र भांगको अवैध व्यापार नियन्त्रणको बहानामा कतिपय सरकारी विभागले लाखौं आम्दानी गर्छन् । कसैलाई फसाउन एक सयदेखि दुई सय ग्राम गाँजा वा गाँजा देखाएर शिकार गर्न सजिलो हुन्छ । प्रहरीबाट यसको व्यापक दुरुपयोग भएको गुनासो पनि छ ।

आज २६ अमेरिकी राज्यहरूले गाँजाको व्यापार र प्रयोगलाई अपराध मुक्त गरेका छन् । ११ अन्य राज्यहरूले पनि गाँजाको प्रयोगलाई वैधानिक बनाएका छन् । भांग र गाँजाको सेवनबाट कुनै हानी नहुने हो भने प्रतिबन्धबाट मुक्त गराएर समाज र सरकारलाई फाइदा गर्न सकिन्छ । गाँजा उत्पादनको लागि निकै राम्रो क्षेत्रको रुपमा मानिएको भारतमा यसबाट किसानहरु पनि निकै लाभान्वित हुने देखिन्छ । साथै थुप्रै युवाहरु पनि स्वरोजगार बन्नेछन् । सिँचाई र वन्यजन्तुको प्रकोप रहने ठाउँमा पनि यसको खेती गर्दा फालिने जमिनको पनि उचित प्रयोग गर्न सकिने छ ।

***(सुभाष चन्द्र भारतका स्थापित मिडिया व्यवसायी हुन् । अमर उज्यालाका लागि चन्द्रले लेखेको लेख अनुवाद गरि साभार गरिएको हो ।)***

## कोरोनाको नयाँ भेरियन्टको असर

# न्युयोर्कमा संकटकाल, अस्ट्रेलिया प्रवेशमा कडाइ

**काठमाडौं /एजेन्सी-** विश्व स्वास्थ्य संगठनले शुक्रबार दक्षिण अफ्रिकामा कोभिड-१९ को नयाँ संस्करण वर्गीकृत भएपछि खतराको घण्टी बजाएको स्विस फेडरल अफिस अफ पब्लिक हेल्थ (एफओपीएच) ले जनाएको छ ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले शनिबार दक्षिण अफ्रिकामा पत्ता लागेको नयाँ कोभिड-१९ संस्करण बी.१.१.५२९ लाई ओमिक्रोन नाम दिएको छ । "कोरोनाभाइरस बी.१.१.५२९ को भर्खरै पत्ता लागेको भेरियन्ट चिन्ताको विषय हो । यसमा अन्य डरलाग्दो भेरियन्टहरूको बारेमा विज्ञानले थाहा पाएको भन्दा धेरै उत्परिवर्तनहरू छन् । डब्लुएचओले यो नयाँ संस्करणलाई अत्यन्तै चिन्ताजनक रूपमा लिदै उक्त टिप्पणी गरेको छ।

हाल प्रयुक्त कोरोनाभाइरस खोपहरू नयाँ कोभिड-१९ संस्करण विरूद्ध कम प्रभावकारी हुन सक्ने पनि जनाइएको छ । नयाँ भेरियन्ट डेल्टा स्ट्रेन भन्दा पनि बढी संक्रामक हुन सक्ने प्रक्षेपण गरिएको छ । डब्ल्यूएचओका प्रवक्ता क्रिस्चियन लिन्डमेयरले बैठकपछि प्रारम्भिक विश्लेषणले यस संस्करणमा ठूलो संख्यामा उत्परिवर्तनहरू आएका छन् जसबारे थप अध्ययन गरिनेछ।

### न्युयोर्कमा संकटकाल

अमेरिकाको न्युयोर्कमा संकटकाल घोषणा गरिएको छ । न्युयोर्कका गभर्नर काथी होचुलले राज्यभर संकटकाल लागू गरिएको घोषणा गर्नु भएको अधिकारीहरुले जनाएका छन् । कोरोनाभाइरसको महामारी बढ्दै गएको र कोरोनाभाइरसको नयाँ भेरियन्ट अझ खतरनाक रहेको लगायतका कारणले संकटकाल लगाउनु परेको उनले स्पष्ट पारेका छन् ।

'पछिल्लो समयमा कोरोनाभाइरसबाट सङ्क्रमित भएर अस्पताल भर्ना हुनेहरुको संख्या बढेकाले थप महामारी फैलिन नदिनका लागि संकटकाल लगाइएको हो,' गभर्नरले भनेका छन्। कोरोनाभाइरस पछिल्लो समयमा एकबाट अर्कोमा सर्ने क्रम पनि तीव्र देखिएकाले थप चिन्तित बनाएकाले सतर्कता अपनाउनु परेको उनको भनाइ छ । अहिले घोषणा गरिएको संकटकाल आगामी सन् २०२२ को जनवरी १५ सम्म लागू हुने र आवश्यकता अनुसार लम्बिन पनि सक्ने उनले स्पष्ट पारेका छन् ।

शुक्रबार बेलुका निर्देशन जारी गर्दै उनले संकटकाल लागू गरेसँगै अस्पतालको क्षमता बृद्धिमा पनि सरकारले काम गर्ने जानकारी दिए । त्यसैगरी खोपको प्रयोगलाई पनि विस्तार तथा वृद्धि गर्ने उनको भनाइ छ ।

दक्षिण अफ्रिकामा नयाँ कोरोनाभाइरसको रुपमा ओमिक्रोन कोरोनाभाइरस फैलिएको भन्ने सूचनाका आधारमा पूर्वसतर्कता स्वरुप पनि न्युयोर्कमा संकटकालको घोषणा गरिएको अधिकारीहरुले जनाएका छन् । न्युयोर्कसहित अमेरिकाले अन्य राज्यहरुलाई पनि उच्च सतर्कता अपनाउन तथा प्रतिबन्धात्मक व्यवस्थाहरु लागू गर्न आह्वान गरेको छ ।

### अष्ट्रेलिया प्रवेशमा फेरि कडाइ

अष्ट्रेलियाले दक्षिण अफ्रिकामा देखिएको कोरोनाभाइरसको नयाँ संस्करण भित्रिन नदिनका लागि नाकाबन्दी गर्न सक्ने जनाएको छ । अष्ट्रेलियाका स्वास्थ्य मन्त्री जर्ज हन्टले नयाँ संस्करणको कोरोनाभाइरसको बारेमा अध्ययन भइरहेको र विज्ञ तथा सरोकारवालाहरुको सुझावका आधारमा सिमानामा आवात जावतका बारेमा निर्णय गरिने स्पष्ट पारे । 'सरकारले सीमा क्षेत्रमा प्रतिबन्धात्मक केही नयाँ व्यवस्था गर्न सक्छ, यस बारेमा अध्ययन र छलफल भइरहेको छ,' उनले भने ।

पत्रकारहरुसँगको अन्तरक्रियाका क्रममा उनले नौ दक्षिण अफ्रिकी मुलुकहरुबाट अष्ट्रेलियामा हुने सबै उडान पनि बन्द गर्ने संभावना पनि रहेको स्पष्ट पारे । उनका अनुसार सरकारले दक्षिण अफ्रिका, नामिबिया, जिम्बाब्वे, बोट्सवाना, मालावी, मोजाम्बिकलगायतका देशहरुबाट अष्ट्रेलिया आउने उडान रद्ध गर्ने सम्भावना रहेको छ । तत्कालका लागि भने ती देशबाट आउनेहरुलाई उच्च सतर्कताका साथ जाँच गर्न र कुनै संक्रमण र खतरा छैन भन्ने सुनिश्चिता गर्न निर्देशन दिइसकिएको पनि उनले बताए ।



स्वास्थ्य मन्त्री हन्टले अहिलेसम्म अष्ट्रेलियामा कोरोनाभाइरसको नयाँ संस्करण ओमिक्रोन नभेटिएको दावी पनि गरे । तर पुरानै संस्करणको कोरोनाभाइरसको संक्रमण भने अझै पनि फैलिइनै रहेको छ। पछिल्लो २४ घण्टामा अष्ट्रेलियामा एक हजार ४०० भन्दा बढी मानिस कोरोनाभाइरसबाट संक्रमित भएका छन् ।

### उडान सेवा बन्द

बेलायतले कोरोनाभाइरसको नयाँ संस्करण पत्ता लागेको समाचार सार्वजनिक भएसँगै विभिन्न छ मुलुकसँगको हवाइ सेवा बन्द गरेको छ । यही शुक्रवार मध्याह्न १२ बजेदेखि ती देशहरूलाई खतरापूर्ण मुलुकको सूचीमा राखेर ती आवत जावत बन्द गर्ने निर्णय गरिएको बेलायतका स्वास्थ्यमन्त्री शाजिद जावेदले जानकारी दिए ।

ओमिक्रोन नाम दिइएको नयाँ संस्करणको कोरोना भाइरस भेटिएको पुष्टि भएका र भेटिन सक्ने खतरा रहेका देशहरुबाट हुने उडान बेलायतमा प्रतिबन्ध लगाइएको हो । नयाँ भाइरस आफ्नो देशमा नभित्रियोस भन्ने उद्धेश्यले बेलायतले दक्षिण अफ्रिका, नामिबिया, जिम्बाब्वे, बोत्स्वाना, लेसेथो र इस्वाटीटीसँगका सबै उडानहरु स्थगित गरेको हो ।

अधिकारीहरुका अनुसार अहिलेसम्म सो नयाँ भाइरस दक्षिण अफ्रिका, हङकङ र बोत्स्वाना गरी तीन देशमा कुल ५९ जनामा मात्रै पुष्टि भएको छ । अहिलेसम्म पुष्टि भएका मध्ये सबैभन्दा खतरापूर्ण भइरस भएकाले र अहिले खोपले पनि काम गर्न नसक्ने भएकाले बेलैमा उच्च सतर्कता अपनाउनु परेको अधिकारीहरुको भनाइ छ ।

### जर्मनीमा उच्च सतर्कता

दक्षिण अफ्रिकाबाट फर्किएका एक व्यक्तिमा नयाँ कोभिड-१९ भेरिएन्टको शंकास्पद घटना पत्ता लागेको एक जर्मनी क्षेत्रीय अधिकारीले शनिबार बताएका छन् । दक्षिणी अफ्रिकामा पहिलो पटक पत्ता लागेको तनावलाई संकेत गर्दै पश्चिमी राज्य हेस्सीका सामाजिक मामिलामन्त्री काइ क्रोजले ट्वीटमा लेखेका छन्, 'नयाँ संक्रमितमा ओमिक्रोन भेरिएन्टको बलियो सम्भावना रहेको छ ।' दक्षिण अफ्रिकाबाट जर्मनी फर्केका यात्रुको शुक्रबारको अन्ततिर गरिएको परीक्षणले 'ओमिक्रोन'का थुप्रै 'म्युटेसन'हरू संकेत गरेको कुरा क्रोजले बताए ।

संक्रमित उक्त व्यक्ति जर्मनीको सबैभन्दा व्यस्त फ्र्याङ्कफर्ट अन्तरर्राष्ट्रिय विमानस्थल हुँदै ईयुको सबैभन्दा बढी जनसंख्या भएको देश (जर्मनी)मा आइपुगेको मन्त्रालयले जानकारी गराएको छ । बेल्जियमले कोभिडको खोप नलगाएका एक व्यक्ति कानून विपरित शुक्रबार विदेशबाट फर्किएका र उनमा नयाँ कोभिड-१९ भेरिएन्ट भेटिएको बताएको एकदिनपछि जर्मनीमा कोभिडको नयाँ भेरिएन्ट संक्रमित फेला परेको बताइएको हो ।

## Dharmadevi Municipality
## Office of the Municipal Executive
**Mudeshanischare, Sankhuwasabha**
**Province No. 1, Nepal**

### Invitation for Online Bids for the Simle Jharna Park Construction

**Contract Identification No: 04/DMO/2078/079**
**Date of publication: 28-11-2021**

1. Dharmadevi Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Simle Jharna Park Construction under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) 3722947.36 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Dharmadevi Municipality, Shankhuwasava, Province One, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from the office of Dharmadevi Municipality, Sankhuwasabha, Province One, Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs.3000.0 till null during office hours.
   OR Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np/egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Nepal SBI Bank Ltd.**
   **Name of Office: Dharmadevi Municipality**
   **Office Code No.: 801010402**
   **Office Account no: 41395241207004**
   **Rajaswa (revenue) Shirshak No.: 10000**
4. Pre-bid meeting shall be held at Dharmadevi Municipality, Sankhuwasabha Province One, Nepal at 13-12-2021 13:00 hours.
5. Sealed or electronic bids must be submitted to the office of Dharmadevi Municipality, Sankhuwasabha, Province One, Nepal by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 27-12-2021 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 27-12-2021 13:00 at the office of Dharmadevi Municipality Sankhuwasabha Province One Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 120000.0, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**कर्णाली प्रदेश सरकार**
**उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय**
**प्रदेश वन निर्देशनालय**
## डिभिजन वन कार्यालय भेरी
**चाविबाचौर, सुर्खेत**

### सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना

**ठेक्का नं. DFO/Goods/2078/79-1**
**प्रथम पटक प्रकाशित मिति २०७४/८/१२**

यस कार्यालयलाइ आवश्यक पर्ने देहाय बमोजिमको सवारी साधन सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा ८ उपदफा (१) क (८) तथा सार्वजनिक खरिद नियमावलि २०६४ (संशोधन सहित) को नियम ३१ (ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा त्यसको आधिकारीक बिक्रेताहरु बिच मात्र प्रतिस्पर्धा गराउने क्याटलग सपिङ विधिबाट खरिद गर्नु पर्ने भएकाले सार्वजनिक खरिद नियमावली २०६४(संशोधन सहित) को नियम ३ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको सवारी साधन बिक्रि गर्न चाहने उत्पादक कम्पनी वा त्यसको आधिकारीक बिक्रेताहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपशिलमा उल्लिखित कागज सहितको सिलबन्दी प्रस्ताव यस कार्यालयमा दर्ता हुन सम्वन्धित उत्पादक कम्पनी वा त्यसको आधिकारीक बिक्रेताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। विस्तृत स्पेसिफिकेसन यस कार्यालयमाबाट लिन सकिने छ।

**तपशिल**
१. नविकरण गरेको फर्म वा कम्पनी दर्ता प्रमाणपत्र को प्रतिलिपि
२. मूल्य अभिवृद्ध कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलपि
३. आ.व.२०७७/७८ को कर चुक्ता वा म्याद थपको प्रमाणपत्रको प्रतिलिपि
४. खरिद कारबाहिमा नपरेको स्व घोषणा पत्र
५. Technical Specification प्रमाणित गर्ने रंगिन ब्रोसर (Catalogue)
६. आफ्नो मालसमानको बजार मूल्य प्रमाणित गर्ने कागजात (पत्रिकामा प्रकाशित भएको वा कम्पनिको लेटर प्याडमा आधिकारीक ब्यक्तिले सहिछाप गरि प्रमाणित गरेको कागजात)
७. Warranty तथा Gurantee सम्बन्धी कागजातहरु
८. यस कार्यालयबाट प्रमाणित गरि जारि भएको Technical Specification भरि पेश गर्नु पर्ने
९. यस कार्यालयलाई सम्बोधन गरि लखिएको सम्बन्धीत उत्पादकको Manufactures authorization Letter.

| S.N. | Particulars | Required Quantity | Delivery Place |
|---|---|---|---|
| 1 | Motercycle | 2 (Two) | Division Forest Office Bheri Bablyachaur, Surkhet. |

### मोटरसाइकल हराएको सूचना

**मिति २०७८/०८/०७ गते बेलुका २०:१४ बजेको समयमा ललितपुर जिल्ला ल.पु. म.न.पा. थित ई.पि. एस कार्यालय अगाडी पार्किङ गरेर राखेको ठाउँबाट बाग्मती प्रदेश ०२-०३२ प ३४६२ नंम्बरको कालो रंगको २२० F ABS (२२० सि.सि) पल्सर मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।**

**सवारी धनी: मुना थापा मगर**
**ठेगाना: ल.पु.म.न.पा, ललितपुर**
**च्यासिस नं: MD2A13EX6MCE91247**
**इन्जीन नं : DKXCME12809**


## जापानमा वैदेशिक रोजगारको अवसर

**JAPAN** मुलुकको **AMAGUN AICHI** शहर स्थित एक बहु प्रतिष्ठित कम्पनी **JBM COOPERATIVE** बाट नेपाली कामदारहरूको माग भै आएकोले इच्छुक व्यक्तिहरूले सक्कल राहदानी, १२ प्रति पासपोर्ट साईजको सेतो पर्दा भएको फोटो तथा अनुभबका प्रमाणपत्र सहित तुरून्त सम्पर्क गर्नुहोला ।

पूर्व स्वीकृत मितिः २०७८/०८/०९ चलानी नं.: ६०१६८६७८ LT. No.: 251160

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Reinforcing Helper | 10 | 0 | स. काममा दक्ष | 157760 | १६४,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

पूर्व स्वीकृत मितिः २०७८/०८/०९ चलानी नं.: ६०१६८६७६ LT. No.: 251162

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 10 | 0 | स. काममा दक्ष | 157760 | १६४,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

पूर्व स्वीकृत मितिः २०७८/०८/०९ चलानी नं.: ६०१६८६७७ LT. No.: 251161

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 10 | 0 | स. काममा दक्ष | 157760 | १६४,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ मंसिर १९ गते (5 Dec. 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ५०,०००/- कामदारले तिर्ने |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको
उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले २८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : जम्मा रु ५०,०००।- मात्र
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता**

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा वुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**नोट: जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ । जापान सरकारले औधोगिक प्रशिक्षार्थीको रूपमा लिने, कुनैपनि कामको बारेमा अनुभवी प्रशिक्षकबाट तालिमको पनि ब्यवस्था छ । साथै औधोगिक प्रतिस्थानमा प्रयोग हुने व्याबहारीक जापानिज भाषा अडियो तथा भिडियोको माध्यमबाट जापानिज भाषा सिकाइन्छ ।**

## Bhandari Overseas Pvt. Ltd.
श्रम इजाजत नं. ३४५/०५९/०६०
**Shantinagar-31, Fourth Floor, Bhandari Tower, Kathmandu**
पो.ब.नं. १९६४१, फोनः ४६२२३१५, ४६२०८५८, मो.: ९८५११६०३०४
Email: info@bhandarioverseas.com.np, md@bhandarioverseas.com.np | Website: bhandarioverseas.com

## साउदीमा रोजगार | कम्पनी: BRILLIANT GOLD COMPANY LIMITED
**शहर: SAUDI**

पूर्व स्वीकृत मितिः २०७८/०१/०६ चलानी नं.: ६०१५७६०८ LT. No.: 239383 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 76 | 0 | स. काममा दक्ष | 1000 | ३१,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ मंसिर १९ गते (5 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

## ब्लु बर्ड ओभरसिज प्रा. लि.
License No.: 308/059/060
कालोपुल-३३, काठमाडौं, फोन : ४४३६८०२, ४४३८६०९, मो. : ९८०२०५०५७१
E-mail : info@bluebirdoverseas.com, www.bluebirdoverseas.com

## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ER PLUS COOPERATIVE ASSOCIATION** शहर : **SHINSAKURA**
पूर्व स्वीकृत मितिः २०७८/०८/०८ चलानी नं.: ६०१६८५८८ Lt. No.: 251367

| सि. न. | कामदारको पद | माग संख्या (पुरुष) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Excavator | 3 | 158400 | १,६३,३१० | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १९ गते (5 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:**
**(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र। (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि।**

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : नि:शुल्क
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता** : प्रा. लि. को कार्यालय, अन्तर्वार्ताको मिति पछि तय गरिनेछ ।
**नोट** : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा वुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् ।
११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**■ जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ ।**

## GRAND SUITE JOB PVT. LTD.
श्रम इजाजत नं.: ८८०/०६७/०६८
Koteshwor-32, Kathmandu, Tel : 5100475, Fax : 5100475
E-mail: info@grandsuitejob.com, Web.: www.grandsuitejob.com.np

# बक्स अफिस समाचार

चलचित्र 'लुट कम्पनी'बाट आफ्नो अभिनय यात्रा शुरु गरेका हालका ब्यस्त अभिनेता संजोग राणा अभिनित 'धुम ४' दिपावलीको अवसर पारेर प्रदर्शनमा आएको थियो । रेलिमाई, नदेखिएको जात, ढुंगेयुग, लुट कम्पनी, छल, धुम २, धुम ४, हिरोज, मधुमाला लगायताका चलचित्रमा अभिनय गरिसकेका अभिनेता राणाले बंगाली चलचित्रमा समेत काम गरेका छन् । निर्माणाधीन केही चलचित्रमा अनुबन्धित अभिनेता संजोग राणा धादिङ धुनिवेशीका स्थानीय बासिन्दा हुन् । अभिनय र निर्माणमा समेत संलग्न राणा कोरोना कहरका कारण सिनेमा क्षेत्र नराम्ररी प्रभावित बनेकोमा चिन्तित छन् । कोरोना कहरले सिनेमा क्षेत्रमा पारेको असर र भावि दिनमा सिनेकर्मीहरुले अपनाउनु पर्ने विषयमा आधारित रहेर अहिलेका ब्यस्त अभिनेता संजोग राणाले मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठसँग गरेको कुराकानीको सम्पादित अंश:

## 'व्यवसायमा लगानीकर्ताले मुनाफा खोज्नु स्वभाविक हो'



**संजोग राणा**, अभिनेता

**यतिबेला कसरी दिनचर्या बित्दैछ ?**

पर्वको अवसर पारेर तिहारको समयमा 'धुम ४' प्रदर्शनमा आएको कारण त्यसको प्रमोशनमा लागियो र भर्खरै एउटा नयाँ चलचित्रमा अनुबन्ध भएकोले त्यसको होमवर्कमा पनि समय दिनु परेको छ ।

**कोभिडबाट डराइरहेका दर्शक हलमा सिनेमा हेर्न जालान् त ?**

सरकारले निषेधाज्ञा खुकुलो बनाएको छ । हल पनि खुलेको कारण र धेरै समय घरमै पट्यारलाग्दो गरी थुनिएर बस्नु परेको बाध्यात्मक परिस्थितिको अन्त्य भएसँगै नेपाली चलचित्रका दर्शकहरु सिनेमा हेर्न हलमा आउनु हुनेछ भन्ने विश्वास छ ।



**कोभिडले थलापरेको सिनेमा क्षेत्रलाई उठाउन के गर्नु पर्ला ?**

यो महामारीबाट थलापरेको सिनेमा क्षेत्रलाई गतिशील बनाउन चलचित्र क्षेत्रसँग सम्बद्ध सबै पक्ष मिलेर जानुको विकल्प छैन । कोरोना कहरका कारण दर्शक हलसम्म पुग्न अझै डराइरहेका छन् । कोरोना महामारीका कारण बन्द भएका सिनेमा हल बिस्तारै खुल्ने क्रम शुरु भएको छ । बिस्तारै सुधार हुने आशा गर्न सकिन्छ । सिनेमा क्षेत्रलाई गतिशील बनाउन चलचित्र उद्योगी र राज्य दुबै गम्भीर बन्नुपर्छ ।

**सहजरूपमा हल संचालन गर्न के गर्नुपर्ला ?**

महामारीले गर्दा लामो समय हल बन्द हुँदा त्यसमा आश्रित श्रमिकलाई पारिश्रमिक दिन समस्या परेको होला । अहिले हल संचालनका लागि हलवालाहरु तयार भएपनि राम्रा सिनेमा पाउन सकिरहेका छैनन् । दशैंमा दुई वटा नयाँ सिनेमा प्रदर्शनमा आएका थिए र अहिले पनि फ्रेश सिनेमा प्रदर्शन भैरहेको अवस्था छ । कोरोना कहरकै कारण सिनेमा रिलिज गर्न निर्माताहरु डराइरहेका भएपनि केहीले त हिम्मत गरेर आफ्ना सिनेमा हलमा गलाएका छन् । यो समयमा दर्शकलाई कसरी हलसम्म ल्याउने भन्ने वातावरण निर्माण गर्नु आवश्यक छ ।

**तपाईं कलाकारितासँगै निर्माण पनि बुझेको ब्यक्ति, यस्तो अवस्थामा सिनेमा चलाउन उपयुक्त होला त ?**

कुनै पनि व्यवसायमा लगानीकर्ताले मुनाफा खोज्नु स्वभाविक हो । यो व्यवसायमा पनि कम्तिमा लगानी फर्किनुपर्ने आशा राख्नु लगानीकर्ताको धर्म हो । कोरोना महामारीका कारण सिनेमा क्षेत्र धरासायी बन्दै गएकोले राज्यले पनि सिनेमा निर्माणमा सकेको अनुदान दिनुपर्ने हो । तर अहिलेसम्म राज्यले यो क्षेत्रलाई हेरेको अवस्था छैन । ठुलो जनशक्तिलाई रोजगार दिने र राज्यलाई पनि कर तिर्ने क्षेत्र भएकोले जो लगानी गर्ने ब्यक्ति वा समूहलाई मात्र आर्थिक भार नपर्ने गरी सिनेमा निर्माणको लागि वातावरण बनेको खण्डमा जस्तो सुकै अवस्थामा पनि सिनेमा चलाउन सकिन्छ ।

**आफ्नो पहिचान बनाउन सफल सिनेमा कुन हो ?**

मेरो पहिलो चलचित्र 'लुट कम्पनी'ले उद्योगमा स्थापित गरायो । र, चर्चा पनि गराएको हिसावले 'लुट कम्पनी' ले नै आमरुपमा चिनाएको ठान्दछु । 'धुम २' र 'रेलिमाई' पनि मेरा हिट चलचित्र मध्येका हुन् ।


**सिनेमा जगतमा तपाईंको उचाई ?**

उचाईमा पुऱ्याउने भनेको दर्शकको मायाले हो । मेरो कलाकारिता जीवनमा कहिले पनि आफ्नो व्यक्तिगत तारिफ गरिनँ । तपाईंहरूलाई थाहा छ म मेरो व्यक्तिगत चर्चा परिचर्चाको विषयमा कहिल्यै अगाडि आइनँ । धेरै मिडियाले पच्छ्याउँदा पनि म यदाकदाबाहेक पछि नै बसें । त्यसैले मेरो बारेमा बजारमा के कस्ता चर्चा परिचर्चा हुन्छ त्यता ध्यान दिन चाहिनँ, चाहें त केवल आफुले एक पछि अर्को काम कसरी राम्रो दिन सकिन्छ भन्ने । धेरैभन्दा पनि राम्रा, संख्याको हिसाबले भन्दा पनि गुणात्मक सिनेमालाई मेरो जीवनसँग जोड्दै आएको छु । त्यसैले दर्शकहरूले मेरो अभिनय रहेको सिनेमालाई पर्खिएर बसेको पाएको छु । यसले गर्दा पनि मेरो व्यक्तिगत चर्चा र महत्व दर्शकबाट कम हुन्छ जस्तो लाग्दैन । सम्भवत: यही नै उचाई होला ।

**आगामी योजना के छ ?**

एउटा कलाकारको भावी योजना भनेको दर्शक माझ उहाँहरुको रुचीमुताविक सिनेमा दिन सक्दो प्रयास गर्ने हो । राम्रो टिमसँगको सहकार्यमा उत्कृष्ट सिनेमा निर्माण, प्रदर्शन र व्यावसायिकरुपले पनि सफल गराउन आफ्नो तर्फबाट लागि पर्ने हो । राम्रो विषयवस्तुको छनोटसँगै त्यसको गृहकार्यमा समेत हामी जुटिसकेको अवस्था भएकाले आगामी दिनमा राम्रा सिनेमा दर्शकमाझ पस्कदै जानेछु भन्ने विश्वास दिलाउन चाहन्छु ।

## ३६ मोडल एउटै र्‍याम्पमा



**काठमाडौं/मस-** विगतका वर्ष झैं यस वर्ष पनि 'आइसी डिजाइनर रनवे १०' फेसन शो आयोजना हुने भएको छ । आइसी कलेजको आयोजनामा आगामी २४ डिसेम्बर (९ पुस) मा आयोजना हुने फेसन शोको नेक्स्ट मोडल्स नेपालले म्यानेजमेन्ट गर्न लागेको हो ।

फेसन शोका लागि ३६ मोडल छानिएका छन् । नेक्स्ट मोडल्सले हालै अडिसन मार्फत २८ फिमेल र ८ मेल मोडल गरेर फेसन शोका उत्कृष्ट ३६ मोडल छनोट गरेको छ । होटल हायात रिजेन्सीमा आयोजना हुने फेसन शोमा ७३ जना डिजाइनरले तयार पारेका विभिन्न आकर्षक पहिरन २१ सिक्वेलमा मोडलहरुले र्‍याम्पमा प्रस्तुत गर्नेछन् । ७३ जना फेसन डिजाइनर नै आइसी कलेजका १८ औं ब्याजका पास आउट विद्यार्थी हुन् ।

'आइसी डिजाइनर रनवे' एक उत्कृष्ट फेसन शो हो । विगत धेरै वर्षदेखि नियमित आयोजना हुँदै आएको यो फेसन शो यस वर्ष विगतका भन्दा झन् उत्कृष्ट तरिकाबाट प्रस्तुत गर्ने तयारी भइरहेको म्यानेजमेनट जिम्मेवारी लिएको नेक्स्ट मोडल्स नेपालका सिइओ रवि धमलाले बताए ।

'आइसी डिजाइनर रनवे' को मुख्य उद्देश्य नेपाली फेसन डिजाइनरको प्रचारप्रसार गर्दै उनीहरुले डिजाइन गरेका नेपाली फेसनका आकर्षक डिजाइन अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउनु रहेको आयोजक आइसी कलेजकी प्रबन्ध निर्देशक शैलजा अधिकारीले जानकारी दिइन् ।


OMAN मा रोजगारको अवसर | कम्पनी: A RENEWED ERA OF BUSINESS
शहर: OMAN

पूर्व स्वीकृत मिति: २०७८/०८/१० चलानी नं.: ६०१६८८५९ L.T. No.: 251956

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning/Packing Worker | 11 | 0 | स. काममा दक्ष | 110 | ३४,२२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मंसिर १९ गते (5 December 2021) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

SDHR
Gov. Lic No. 1473/074/075

Supa Deurali Human Resource Pvt. Ltd.
Maharajgung, Chakrapath, Kathmandu, Nepal
Tel: +977- 1- 4387429, Mob.: 9851175030
Email: supadeurali27@gmail.com, Web.: www.supadeuralimanpower.com



स्यारोन मेनपावर सर्भिस प्रा.लि.को अत्यन्त जरूरी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **स्यारोन मेनपावर सर्भिस प्रा. लि. (श्रम इजाजत पत्र नं. ६४७/०६३/०६४)** को नाममा **देवानन्द गौतम (देव गौतम)** ले यस प्रा.लि.को आधिकारीक एजेन्ट हुँ भन्दै, यस संस्थाको आफै ID CArd र भिजिटिङ्ग कार्ड छापी दुरुपयोग गरि बिभिन्न व्यक्तिहरु सँग रकम उठाई रहेको भन्दै आर्थिक कारोबार गरेको भन्ने बुझिन आएकोले यस प्रा.लि.को गम्भीर ध्यानाकर्षण भएको छ । निज गौतम सँग यस प्रा.लि.को कुनैपनि सम्बन्ध नरहेको र यस प्रा.लि.को कर्मचारी समेत नरहेको यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराउँदै, निजसँग यस प्रा.लि.को नाममा कुनै पनि वैदेशिक रोजगार सम्बन्धी कारोवार नगर्न/नगराउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचनालाई बेवास्था गरी आर्थिक र अन्य कारोवार गरे गराएमा यस प्रा.लि. जिम्मेवार नहुनेसमेत सबैमा सुचित गरीन्छ साथै यस प्रा.लि. सम्बन्धी कुनैपनि आर्थिक कारोबार गर्दा यस प्रा.लि.को लेखा शाखाबाट मात्र गर्नुहुन अनुरोध छ ।

Govt Lic. NO. 647/063/064

SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957



साउदी र कतारमा रोजगार | १. कम्पनी : ABDULLAH AL OTHAIM MARKETS COMPANY
शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०८/१० चलानी नं.: ६०१६८८४१ LT. No.: 252082

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Labor | 25 | 0 | स. काममा दक्ष | 1000 | ३१,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : ZOD FACTORY FOR PASTRIES AND BAKERIES - ABDULLAH AL OTHAIM MARKETS COMPANY BRANCH शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०८/१० चलानी नं.: ६०१६८८४३ LT. No.: 251025

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Labour | 50 | 0 | स. काममा दक्ष | 1000 | ३१,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : DERWIND TRADING & CONTRACTION CO. WLL शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०८/०५ चलानी नं.: ६०१६८२१८ LT. No.:249900

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Blacksmith | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३५,९२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 10 | 0 | | 1100 | ३५,९२६ | | | | | | | |
| 3. | Mason | 10 | 0 | | 1100 | ३५,९२६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ मंसिर १९ गते (5 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कतारको नि:शुल्क अन्यको रु.१०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Star Ray Overseas Pvt. Ltd.
श्रम इजाजत नं. २८१/०५८/०५९

स्टार रे ओभरसिज प्रा. लि.
नख्खु दोबाटो, रिङ्गरोड, ललितपुर, पोष्ट बक्स नं. १२४८१, फोन: ५१९०१११, ५१९०११२, फ्याक्स: ५१९०११०
E-mail: starray281@gmail.com.np | Web: starrayoverseas.com.np



कतारमा रोजगार | १. कम्पनी : AL WATTAN INTERNATIONAL TRADING & CONTRACTING CO.
शहर : DOHA

पुर्व स्वीकृत मिति: २०७८/०८/०९ चलानी नं.: ६०१६८७५७ L.T. No.: 251912

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५८,६४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen Clean Worker | 0 | 6 | | 1000 | ३२,५८० | | | | | | | |

२. कम्पनी : AL ADEKHAR AGRICULTURE CO WLL शहर : DOHA

पुर्व स्वीकृत मिति: २०७८/०८/१० चलानी नं.: ६०१६८७८७ L.T. No.: 251913

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५८,६४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Farmer | 40 | 0 | | 1000 | ३२,५८० | | | | | | | |

३. कम्पनी : GROUP FIVE FOR SECURITY SERVICES शहर : DOHA

पुर्व स्वीकृत मिति: २०७८/०८/०९ चलानी नं.: ६०१६८७५५ L.T. No.: 251911

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Guard | 20 | 0 | स. काममा दक्ष | 1500 | ४८,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ मंसिर १९ गते (5 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Rational Overseas Pvt. Ltd.
श्रम इजाजत पत्र नं. १५३०/०७७/०७८

रेशनल ओभरसिज प्रा. लि.
कोटेश्वर-३२, काठमाडौं, नेपाल । फोन: ०१-४६०००२७
इमेल: rational751@gmail.com | www.rationaloverseas.com.np

# दोस्रो जित निकाल्दै मनाङ शीर्ष स्थानमा, च्यासलको पहिलो जित

## हिमालयन शेर्पा र एपीएफ पराजित



**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ मंसिर

शहीद स्मारक ए डिभिजन लिगमा मनाङ मर्स्याङ्दीले हिमालयन शेर्पालाई १-० गोल अन्तरले हराउँदै लगातार दोस्रो जित हात पारेको छ। खेलको ८४ औं मिनेटमा अफ्रिकी स्ट्राइकर ओलावाले अफिजले पुजन उपरकोटीको कर्नर बलमा गोल गर्न सफल भए। उनले पेनाल्टी क्षेत्रबाट फ्री हेडर गोल गरेका थिए।

### ए डिभिजन लिग

यसअघि पहिलो हाफमा गोलरहित बराबरी भएको थियो। दुबैले एक-एक वटा अवसर सृजना गरेका थिए। ४१औं मिनेटमा शेर्पाका कप्तान विश्वास श्रेष्ठले प्रहार गरेको फ्रीकिक क्रसबारमा लागेर फर्किएको थियो। रिवाउन्ड बललाई शेर्पाकै उलरिच सिवेले हेडमार्फत गरेको प्रयास सफल भएन। त्यसअघि ३२ औं मिनेटमा मनाङका कप्तान अन्जन विष्टले फ्रिकिकमार्फत गोलको अवसर गुमाएका थिए। बक्स बाहिरबाट उनले गरेको प्रहार आकाशिएको थियो।

दोस्रो हाफमा मनाङले गोलका अलावा अन्य केही अवसर पनि गुमाएको थियो। ५५ औं मिनेटमा एडिलाजाको हेडको प्रयास पोष्ट नजिकैबाट बाहिरीयो। ५६ औं मिनेटमा मनाङले गोल गरेको थियो। विमल रानाले गोल गरे पनि रेफ्रीले अफसाइडको झण्डा उठाएपछि गोललाई मान्यता दिएनन्।

७० औं मिनेटमा आशिष गुरुङको क्रसमा हिमालयन शेर्पाका पिस्टोनेले डिबक्समा पाएको राम्रो मौकालाई खेर फाले। उनले चेस्टले बल नियन्त्रण गर्ने गरेको प्रहार आकाशिन पुग्यो। ८२ औं मिनेटमा निसानको क्रसमा दिपक राईले डिबक्समा गरेको हेडको प्रयासलाई हिमालयन शेर्पाका दिप कार्कीले बचाएका थिए। तर त्यसपछि पाएको कर्नरमा मनाङले उत्कृष्ट गोल गर्न सफल भयो।

पहिलो चरणको खेलमा मनाङले जावलाखेललाई पराजित गरेको थियो भने शेर्पाले संकटा क्लबसँग बराबरी खेलेको थियो। यस जितसँगै कीर्तिमानी आठ पटकको विजेता मनाङ तालिकाको शीर्ष स्थानमा उक्लिएको छ। मनाङले २ खेलमा ६ अंक जोडेको छ।

**आजको खेल**
नेपाल पुलिस क्लब-जावलाखेल युथ क्लब

### च्यसालको पहिलो जित

यसअघि शनिबार नै भएको अर्को खेलमा विभागीय टोली एपीएफ क्लबले लगातार दोस्रो हार व्यहोर्दा च्यासलले पहिलो जित निकालेको छ। च्यासलले एपीएफमाथि एक शुन्यको जित निकाल्यो। च्यासलको जितमा रुपेश बर्तौलाको एकमात्र गोल निर्णायक बन्यो। दशरथ रंगशालामा भएको खेलको पहिलो हाफमा दुबै टिमले त्यस्तो उत्कृष्ट खेल भने खेल्न सकेनन्। पुरै हाफमा च्यासलले दुई वटा राम्रो अवसर पाएपनि एपीएफले भने उत्कृष्ट खेल खेल्न सकेन।

पहिलो खेलमा थ्रीस्टारसँग तीन शुन्यले पराजित भएको च्यासलले खेलको १७ औं मिनेटमा विकाश मिराग्लियाको प्रहार डिफ्लेक्ट भएर फर्किदा च्यासलका विजयको प्रहारलाई एपीएफका गोलकिपर राजु योगीले बचाए।

त्यसपछि एकपटक एपीएफका नविन लामाले पाएको मौकालाई च्यासलले असफल पार्‍यो। ३८ औं मिनेटमा अजित गुरुङको लङ सट फ्रेम बाहिर रह्‍यो। ४० औं मिनेटमा कमल श्रेष्ठको कर्नरमा विकाश मिराग्लियाको हेडको प्रयासलाई एपीएफका खेलाडी राजन गुरुङले बचाए। त्यसपछि दुबै टिमबाट कुनै राम्रो मुभ हुन सकेन र पहिलो हाफमा दुबै टिमले गोलरहित बराबरी खेले।

पहिलो हाफमा गोलरहित बराबरी खेलेको च्यासलले ४९ औं मिनेटमा खेलमा अग्रता बनाउन सफल भयो। उसका लागि रुपेश बर्तौलाले गोल गर्न सफल भएन। उनले डिबक्स भित्रबाट लेफ्ट फुटेड सटलाई एपीएफका गोलकिपर राजु योगीले बचाउन सकेनन्। खेलको ५७ औं मिनेटमा कमल श्रेष्ठको क्रसमा विदेशी खेलाडी मोउसा अबागानाको प्रहार डिफ्लेक्ट भएर बाहिरीन पुग्यो। मोउसाको प्रहार एपीएफका गोलकिपर टोपबहादुर विष्टसँग ठोकिएर बाहिरीएको थियो।

६६ औं मिनेटमा च्यासलले अर्को उत्कृष्ट अवसर खेर फाल्यो। कमल श्रेष्ठको कर्नरमा यानिक केचाको प्रहार पोष्टको नजिकैबाट बाहिरीयो। जसका कारण उसले खेलमा अन्तर दुई शुन्यमा पुर्‍याउने उत्कृष्ट मौका खेर फाल्यो। खेलको अन्तिम तिर एपीएफले केहि दबाव भने दिएको थियो। उसले सब्सिच्युट खेलाडीमा सबै फरवार्डलाई उतारेको थियो। तर पनि उसले गोल फर्काउन भने सकेन। खेलको इन्जुरी समयमा मणि लामाको फ्रिकिकमा बिक्की तामाङको प्रयासपनि असफल भयो। जसका कारण उसले लिगमा लगातार दोस्रो हार व्यहोरेको छ। पहिलो खेलमा एपीएफ ब्रिगेड ब्याइजसँग तीन दुई गोलले पराजित भएको थियो। योसँगै यो सिजनको लिगमा एपीएफले निकै खराव शुरुवात गरेको छ। यता च्यासलले पहिलो खेलको हारबाट कमब्याक गर्दै तीन अंक जोडेको छ।

# लुम्बिनीको फाइनल सम्भावना बलियो

**काठमाडौं/मस-** काठमाडौंमा जारी यु-१९ राष्ट्रिय क्रिकेट प्रतियोगतामा लुम्बिनी प्रदेशले तेस्रो जित निकालेको छ। जितसँगै उसले फाइनलको सम्भावना बलियो बनाएको छ। शनिबार मुलपानीमा भएको खेलमा बागमतीमाथि लुम्बिनीले ३ विकेटको जित निकालेको हो। पहिलो ब्याटिङ गर्दै बागमतीले दिएको १ सय ९३ रनको लक्ष्य लुम्बिनीले ४६.५ ओभरमा ७ विकेट गुमाएर पूरा गरेको थियो।

लुम्बिनीका लागि कप्तान डेभ खनालले सर्वाधिक ६७ रन बनाउँदा प्रज्जवल थापाले ३४ रन बनाए। त्यस्तै वासिर अहमद्ध ३१ रनमा अविजित रहेका थिए। त्यस्तै मोहमद्ध हुसेन १२ रनमा आउट हुँदा आकाश ट्रिपाठी १४ रनमा आउट भएका थिए। लुम्बिनीका गौतम केसीले ३ विकेट लिए।

यसअघि टस हारेर पहिलो ब्याटिङ गरेको बागमतीले ४७.१ ओभरमा सम्पुर्ण विकेट गुमाएर १९३ रन बनायो। बागमतीका लागि विवेक मगरको ४० रन सर्वाधिक रह्‍यो। त्यस्तै प्रसान्त महतले ३६ रन बनाए। त्यस्तै विपिन साहीले २४ रन बनाएका थिए।

त्यस्तै कृष्ण कार्कीले १७ तथा कप्तान प्रतिश जिसीले ११ रन बनाएका थिए भने अन्तिम ब्याटर तिलक भण्डारी १४ रनमा नटआउट रहे। बागमतीले खराव ओपनिङका बाबजुत मध्य क्रमको संयमित इनिङमा प्रतिस्पर्धात्मक लक्ष्य दिन सफल भएको थियो। जितसँगै लुम्बिनीले चार खेलमा ६ अंक बनाएको छ।

शनिबार नै भएको अर्को खेलमा गण्डकी प्रदेशले पहिलो जित निकालेको छ। यसअघि लगातार दुई खेलमा पराजित भएको गण्डकीले कर्णाली प्रदेशलाई तीन विकेटले हरायो। जारी प्रतियोगितामा कर्णालीको यो लगातार दोस्रो हार हो। कीर्तिपुर मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको कर्णाली प्रदेश २८ ओभरमा एक सय १३ रनमा अलआउट भयो।

जारी प्रतियोगितामा जितका साथ सुरुवात गरेपनि त्यसपछि भने उसको प्रदर्शन केहि खस्किदो अवस्थामा छ। आजपनि उसले राम्रो सुरुवात गर्न सकेन। उसको मात्र १० रन हुँदा पहिलो विकेट झरेको थियो। त्यसपछि ११ रन हुँदा उसको तीन विकेट गएको थियो। २९ रन हुँदा चार विकेट गुमाएको कर्णालीले ९५ रन हुँदा नौं विकेट खेर फाल्यो।

उसका कुनै खेलाडीबीच दरिलो साझेदारी हुन सकेन। कर्णालीका लागि प्रकाश जैशीले सर्वाधिक २६ रन बनाए भने रुपक दाहालले २० रनको योगदान गरे। यस्तै सुवास ऐयरले १७ रन बनाए। उसका विपिन रावलले खाता खोल्न सकेनन् भने कप्तान निश्चल रावलले शुन्य रनमा नै आउट भए।

राज शाह ६ तथा सन्दिप शाहीले दुई रन जोडे। बलिङमा कमल परियारले चार तथा किरन पौडेलले तीन विकेट लिए।

जवाफमा गण्डकी प्रदेशले २६ ओभर ५ बलमा ७ विकेट गुमाउँदै लक्ष्य पूरा गर्‍यो। गण्डकीको सुरुवात भने राम्रो हुन सकने। १२ रनमा पहिलो विकेट गुमाएको गण्डकीले ५५ रन हुँदा दोस्रो विकेट खेर फाल्यो। उसका ओपनर मिलन क्षेत्री चार रनमा आउट भए भने अर्जुन कुमाल १४ रनमा पेभेलियन फर्किए। त्यसपछि कप्तान विष्णु पाण्डेले खाता खोल्न नपाउँदै आउट भए। जसका कारण गण्डकीले ५९ रनमा तेस्रो विकेट गुमायो।

गण्डकीका लागि दिपक डुम्रेले ३४ रनको योगदान गरे। यस्तै उत्सभ श्रेष्ठले २६ रन बनाए। यस्तै सुजन गौतमले १३ रन बनाए। बलिङमा सन्दिप शाही र निश्चल रावलले दुई दुई विकेट लिए भने रुपक दाहाल र दिनेश पुनले एक एक विकेट लिए। जितसँगै गण्डकीले अंक तालिकामा खाता खोलेको छ। उसले तीन खेलमा दुई अंक जोडेको छ भने कर्णालीको पनि समान खेलमा दुई अंक छ।


## खैरहनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन
बागमती प्रदेश

### बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

**सूचना प्रकाशित मिती:२०७८/०८/१२**

प्रस्तुत बिषयमा यस कार्यालयबाट क्रमस मिती:२०७८/०७/०९ मा प्रकाशित सूचना अनुसार यस नगरपलिका अन्तर्गत कयर खोलाको नदिजन्य पदार्थ उत्खनन् तथा बिक्रिवितरण कार्य गर्न आव्हान गरिएको २०७८ साल मंसिर ९ मा खोलिएका शिलबन्दी बोलपत्रहरु मध्य बडीबढाउ मूल्यांकित सारभुतरुपमा प्रभावग्राही देखीन आएको निम्न बोलपत्रदाताको बोलपत्र स्वीकृतीको लागी छनौटभएको हुँदा सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनका लागी यो सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीका लागी प्रकाशित गरिएको छ।

| क्र.सं. | बोलपत्र नं. | छनौट भएको बोलपत्रदाता | कबोल रकम ने. रू. (भ्याट समेत) |
|---|---|---|---|
| १ | 009/income 1/MF/CHT-KMun /NCB/2078-079 | M/s Pk Nirman Sewa , Ratnanagar Municipality-16, Chitwan | NRs. 17,777,777.77 |

Local Government
## Gangajamuna Rural Municipality
### Office of the Rural Municipal Executive
Phulkharka, Dhading
Bagmati Provience, Nepal

### Invitation for Bid (E-Bid)

1st Date of Publication: 2078/08/12 (28/11/2021)

**Indrawati Rural Municipality** invites electronic bids from eligible bidders/fabricators for the works mentioned below under National Competitive Bidding procedures. Eligible Bidders/Fabricators may obtain further information through PPMO e-GP system **www.bolpatra.gov.np/egp** or may visit Indrawati Rural Municipality website **www.indrawatimun.gov.np.**

| S. N. | Project Name | Contract ID | Last Date of Bid Submission | Date of Bid Opening | Bid Security Amount NRs. | Bid Document Fee NRs. |
|---|---|---|---|---|---|---|
| 1. | Procurement of Fabricated Steel Parts for Trail Bridges | IRMSI/ G/NCB/ 078-079-01 | 28/11/2021 12:00 hrs. | 28/12/2021 13:00 hrs. | 55,000.00 (Valid till 30 days beyond bid validity period 90 days) | 3,000.00 |

**Chief Administrative Officer**

## कर्मचारी आवश्यकता

**यस म्यानपावर कार्यालयको लागि निम्न लिखित कर्मचारी आवश्यक भएको हुँदा ईच्छुक व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्र सहित तुरुन्त सम्पर्क गर्नुहोला ।**

पब्लिक रिलेशन अफिसर- १ जना
**योग्यता: सम्बन्धित काममा अनुभव भएकालाई विशेष प्राथमिकता दिईनेछ ।**

डकुमेन्टेशन अफिसर- १ जना
**योग्यता:** Minimum +2 Passed, **कम्प्युटर, अफिस प्रोग्रामका साथै ईमेल ईन्टरनेटमा दक्ष तथा अनुभवी** Candidates **हरुलाई विषेश प्राथमिकता दिईनेछ ।**

Salary Negotiable

**Miracle Employment Service (P.) Ltd**
Po.Box: 20525, Baluwatar, Kathmandu, Nepal
Tel.: 01- 4416930, 4415239, Whatsapp/Viber : 9841129358
Drop your CV at miracle.employment@gmail.com

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७८/०८/१२

यस कम्पनीको मिति २०७८/०५/०१ मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **कुक्को नेपाल प्रा.लि. (प्रा.लि. नं. २५४४४१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०५/१३ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **इनर्जी ट्री प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७८/०८/१२

यस कम्पनीको मिति २०७८/०५/२३ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **पथरी शनिश्चरे अटो इ. रिक्सा प्रा.लि. (प्रा.लि. नं. २२९०९४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०८/०२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **पाथीभरा दर्शन यातायात प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## युएईमा रोजगार

कम्पनी : AL HUMAIDI CLEANING SERVICES (L.L.C.)
शहर: UAE

पूर्व स्वीकृत मिति: २०७८/०८/१० | चलानी नं.: ६०१६८७७५ | LT. No.:251969

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/Warehouse Helper | 70 | 0 | स. काममा दक्ष | 800 | २५,८९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १९ गते (5 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**DREAM RECRUITING SERVICE Pvt. Ltd.**
**Dream Recruiting Service Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ११५४/०७३/०७४
Shantinagar-34, Kathmandu, Tel.: 4620829, 9866400369, 9851033135, 9801033135
E-mail : dreamhumanresources1@gmail.com, info.dreamrecruiting@gmail.com

WANTED
यसै कम्पनीका लागि निम्न कर्मचारीहरू आवश्यक परेकोले मेनपावर क्षेत्रमा कम्तीमा २ वर्ष अनुभव भएका र सम्बन्धित काममा दक्ष व्यक्तिहरुले आफ्नो बायो डाटा ईमेर्ल गनुहोला।

PRO -4 (Male Female)
Receptionist - 2 (Female)

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
## संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, ईटहरी
## सडक डिभिजन, विराटनगर

### सिलवन्दी दरभाउपत्र स्वीकृतिको सूचना

**सूचना प्रकाशित मितिः २०७८।०८।१२**

यस डिभिजनको सूचना नं. **T2/078/79 "Second Notice"** मार्फत मिति २०७८/०७/२३ को प्रकाशित सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना अनुसारको तपशिल बमोजिमको दरभाउपत्र न्युनतम मुल्यांकित र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिश भई आए बमोजिम सार्वजनिक खरिद नियमावली, २०६४ अन्तर्गत नियम ८४ को उपनियम (१०) को प्रयोजनार्थ सम्बन्धित सबै दरभाउपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ।

| Contract ID | Description and Location of work | Name of Bidder | Bid Amount (With VAT) NRs |
|---|---|---|---|
| RDBRT/337310113 (Rec)/078/79-05 (Re) | Supply of granular riverbed sub-base materils, crusher run base course, Crushed Chips (13.2 mm to 0.09 mm) materials as per directions of Engineer at instructed Camp of Road Division Biratnagar | Sumit Nirman Sewa, Sundarharaicha -10, Morang | 8,23,770.00 |


**डिभिजन प्रमुख**

गो.हु.का.द.नं. ३३/०६९/०७०



लामो समयदेखि लोडसेडिङको समस्या भोग्दै आएको मुलुक नेपाल पहिलोपटक विद्युत् उर्जाको अन्तर्राष्ट्रिय बजारमा बिक्रीका लागि प्रवेश गरेको छ । हिउँद याममा नेपाली उत्पादनले नपुग्ने समस्या र कर्णाली लगाएत दुरदराजमा अझै पनि विद्युत् नपुग्ने अवस्था त कायमै छ । अन्तर्राष्ट्रिय बजारमा विद्युत्को निर्यात सँगै नीतिगत, संस्थागत र व्यवहारिक समस्याहरु थपिने आशंका बढेका छन् । प्रस्तुत छ सोही समसामयिक सन्दर्भमा रहेर मध्यान्ह राष्ट्रिय दैनिकका संवाददाता **नारायण अर्याल**ले स्वतन्त्र उर्जा उत्पादकको संस्था नेपाल (इपान)का अध्यक्ष **कृष्ण प्रसाद आचार्य** सँग गरेको कुराकानीको सम्पादित अंश :

# विकासका निम्ति उर्जाको विकास पहिलो सर्त हो



**कृष्णप्रसाद आचार्य**
अध्यक्ष, स्वतन्त्र उर्जा उत्पादकको संस्था नेपाल (इपान)

> जुनसुकै मुलुकको विकासको पहिलो सर्त भनेको यातायात र उर्जा हो । यी दुइवटा कुराको व्यवस्था भएपछि अरु विषयहरुको स्वत: विकास हुने वातावरण सिर्जना हुन्छ । त्यसैले उर्जाको विकासलाई राज्यले पहिलो सर्तको रुपमा मान्नुपर्छ । जुन कुरा हामीसँग प्रशस्त छ ।

**नेपालले इतिहासमा नै पहिलोपटक जलविद्युत् निर्यातको सुरूवात गरेको छ । के अब जलविद्युत्को क्षेत्रमार्फत राज्यले विकासको फड्को मार्न सक्ने सम्भावना नजिकिएको हो ?**

जलविद्युत्को निर्यात सुरु गरेको साँचो हो । तर मेरो भनाई के छ भने देशभित्रको खपत बढाउने कुरा पहिलो हो । देशभित्र खपत बढाउने कुराहरुमा हामीले ध्यान पुर्‍याउन अझै बाँकी छ । तत्पश्चात स्वभाविक रुपमा निर्यात पनि गर्नुपर्छ । निर्यात गर्न नै नहुने भन्ने कुरा होइन् । तर निर्यातले मात्रै देशको उन्नती हुँदैन् ।

छिमेकी भारत र बंगालादेश पावर हंग्री कन्ट्री हुन् । यी दुबै मुलुकमा विद्युत्को धेरै ठुलो आवश्यकता रहेको छ । जसलाई हामीले पुरा गर्न सक्छौं । दुबै मुलुकले क्लिन इनर्जीको क्षेत्रमा धेरै राम्रो विकास गर्न सकेको देखिदैन् । त्यो मात्रै नभएर बंगालादेशमा त क्लिन इनर्जी उत्पादनको सम्भावना नै कम रहेको छ भने भारतमा पनि असाध्यै न्युन रहेको छ । नेपालको क्लिन इनर्जीको बजार देशभित्र मात्रै नभएर देश बाहिर पनि छ । अहिले यसको सुरुवात



मात्रै भएको छ । यसलाई सकरात्मक रुपमा लिनुपर्दछ ।

**विद्युत् उत्पादनको सम्भावना बढेसँगै यसको बजार व्यवस्थापनमा सरकारको क्षमतामा पनि आंशका उठ्न थालिसक्यो नि !**

पछिल्लोपटक १० वर्षमा १० हजार मेगावाट, १५ वर्षमा १५ हजार मेगावाट विभिन्न पार्टीहरुले र विभिन्न सरकारहरुले घोषणा गर्ने काम गरे । धेरै वर्ष अगाडि गरेको अध्ययन अनुसार नेपालको जलविद्युत् उत्पादन क्षमता ८३ हजार मेगावाट भनिएको थियो । पछिल्ला अध्ययनहरुले व्यवसायीक हिसाबले प्रतिफल दिनसक्ने ४५/४६ हजार छ भनिएको छ । सरकारले जब १५ हजार मेगावाटको लक्ष्य राख्यो, त्यसपछि विद्युत् उत्पादको क्षेत्रमा निजी क्षेत्र उत्साहका साथ आयो ।

०४९ सालमा जलविद्युत् सम्बन्धि ऐन आएपछि नेपालमा निजी क्षेत्रलाई पनि जलविद्युत् क्षेत्रमा काम गर्न ढोका खुलेको हो । सो सँगै जलविद्युत् क्षेत्रमा काम गर्नको लागि धेरै लगानीकर्ताहरु आएका छन् । आजको अवस्थालाई हेर्दा, २ हजार मेगावाट जति उत्पादन भएको विद्युत् मध्ये झण्डै ८ सय मेगावाट जतिमा निजी क्षेत्रको योगदान रहेको छ, भने करिब ७ हजार मेगावाट जति पावर पर्चेजिङको लागि निजी पर्खेर बसेको अवस्था रहेको छ । त्यस्तै झण्डै ८ हजार मेगावाट जति इजाजत लिने लाइनमा निजी क्षेत्र रहेको छ ।

यसरी हेर्दा सरकारले लिएको १५ हजार मेगावाट उत्पादनको लक्ष्यलाई पुरा गर्न निजी क्षेत्र नै तम्तयार रहेर अगाडि बढेका छन् ।

यहाँनेर समस्या के आयो भने, उत्पादन गर्नको लागि सबै उत्साहित भएर लाग्यौं । सरकारले नै घोषणा गरिसकेपछि विश्वस्त हुने वातावरण बन्यो । तर खपतको कार्यक्रम सँगसँगै ल्याउनुपर्ने थियो । उत्पादन गरिसकेपछि कसरी खपत गर्ने वा कहाँ लगेर बेच्ने भन्ने विषय सँगसँगै ल्याउन सकेको भए आज यस्तो प्रश्न उठ्नेथिएन् । हिजो जसरी लोडसेडिङको अन्त्य हुँदा हामी खुसी भएका थियौं, आज पनि खपत बढाउँदा खुसी हुने अवस्थाको सिर्जना हुन्थ्यो ।

तर एउटा समस्या अझै पनि कायमै छ । वर्षा याममा विद्युत् उत्पादनको जति क्षमता छ, हिउँदमा त्यसको ३५ देखी ४० प्रतिशत मात्रै हुन्छ । त्यसैले अहिले पनि राष्ट्रिय आवश्यकता अनुरुपको उत्पादन हिउँदको समयमा हुँदैन् । जसले गर्दा विद्युत्को आयात गर्नुपर्ने अवस्था कायमै छ । त्यसैले आयातलाई पुर्ण रुपमा विस्थापित गर्न र खपत बढाउनको लागि प्रभावकारी कार्यक्रम ल्याउन जरुरी छ ।

**विद्युत्को निर्यातसँगै राज्यको तर्फबाट विद्युत्को भारतमा वा भारतको बाटो हुँदै निर्यात सहज ढंगले दिगो रूपमा गर्नसक्ने कुरामा पनि आशंका गरिएको छ । अहिले निजी क्षेत्रले यसमा चासो देखाएका छन् र सरकाले पनि सकरात्मक रूपमा लिएको छ । के विद्युत्को व्यापारमा निजी क्षेत्रलाई सहभागी गराउँदा सहज हुनसक्छ ?**

> हामीकहाँ नीति निर्माण भन्दा पनि कार्यान्वयनमा अझ बढी समस्या छ । जस्तै ऐनमा भएको कुरालाई नियमावलीमा बङ्ग्यादिने, नियमावलीमा भएको कुरालाई निर्देशिकामा बङ्ग्याइदिने र निर्देशिकामा भएको कुरालाई हाकिमको तजबिजले बङ्ग्याइदिने समस्या छ ।

हामीले त्यसो गर्दा सहज हुने देखेका छौं । झण्डै २ वर्ष अगाडि हामीले नेपेक्स भन्ने कम्पनी नै खडा गरेर सरकारसँग विद्युत् व्यापारको निमित्त इजाजत माग गरेका थियौं । तर सरकारले त्यतिवेला यो विषयलाई सकरात्मक रुपमा लिएन्, नीति नियम नबनिसकेको हुनाले त्यसो गर्न नसकिने जनायो ।

हामीले कम्पनी खडा गरिसकेपछि भारत र बंगालादेशमा पावर ट्रेडिङको विषयमा भ्रमण गर्‍यौं । त्यहाँ पावर ट्रेडिङमा सहभागिता जनाउने उच्चस्तरका प्रतिनिधिहरुसँग पनि वार्तालाप गर्‍यौं । त्यसबाट हामी निकै उत्साहित भयौं । उहाँहरु नेपालसँगको व्यापारमा सहभागिता जनाउन तयार हुनुहुन्छ । हाम्रोतर्फबाट सरकारी स्तरमा र राजनीतिक स्तरमा यो विषयलाई लिएर छलफल अगाडि बढाउन जरुरी छ । निजी क्षेत्रलाई यो भुमिका दिने हो भने निजी क्षेत्रले काम गर्न अझ बढि सहज हुन्छ । दुई देशबीचका निजी क्षेत्र मिलेर काम गर्ने बित्तिकै धेरै सहज हुनसक्ने देखिन्छ ।

तर त्यो सँगै ट्रान्समिसन लाइनको निर्माणको आवश्यकता उत्तिकै छ । राष्ट्रिय ट्रान्समिसन लाइन बनाउन बाँकी नै छ । देश भित्र र क्रस बोर्डर ट्रान्समिसन लाइन युद्धस्तरमा निर्माण गर्नुपर्ने आवश्यकता छ । त्यसो गर्न सकियो भने व्यापार गर्न सकिन्छ भन्ने कुरामा हामीलाई विश्वास छ ।

**विद्युत् व्यापारमा निजी क्षेत्र सहभागी बन्यो भने आर्थिक कुटनीतिक समस्या पनि समाधान गर्न सजिलो हुने देख्नुहुन्छ ? आन्तरिक खपत पनि बढाउन सजिलो हन्छ ?**

अवश्य । हामीसंग वस्तु छ, उता आवश्यकता छ । वस्तुले आफ्नो बजार खोज्छ भन्ने एउटा भनाई छ । उच्च राजनीतिक र प्रशासनिक रुपमा तहमा छलफल गर्ने र निजी क्षेत्रलाई सहभागी गराउने हो भने यो काम सहज ढंगले अगाडि बढ्न सक्छ । यहाँनेर हाम्रो सरकार समक्ष के माग छ भने, उर्जा मन्त्रालयमा विद्युत् व्यापार गर्ने मात्रै काम गर्न एउटा निकाय बनाइयोस । त्यसको काम नै विद्युत्को व्यापार र खपत गर्ने विषयमा होस । व्यापार सम्बन्धि सबै काम सरकारले गर्ने त होइन्, निजी क्षेत्रलाई कहाँ के सहजिकरण गर्दा व्यापार बढाउन वा खपत गर्न सकिन्छ भन्नेमा सो निकायले सहजिकरणको भुमिका खेलोस । यो विषयलाई हामीले धेरै वर्षदेखि उठाउँदै आएका छौं ।

त्यसो भएमा निजी क्षेत्र सहज रुपमा व्यापारमा प्रवेश गर्छ । देशभित्रै पनि हामीले धेरै काम गर्न सक्छौं । हामीले अभियान नै चलाउन सक्छौं ।

कम्तिमा एउटा शहरमा ग्याँस विस्थापित कार्यक्रम निर्माण गरौं । चुलोलाई विस्थापित गरौं । तर चुनावी नारा तथा भाषणमा चाहिँ यी विषय अगाडि आए । सोहि नारामा निर्वाचनमा सम्बन्धित दलले निर्वाचन पनि जिते, सरकार पनि बनाए तर कार्यान्वयनमा



आउन सकेन् । विगतमा जे भए अब गाली गरेर काम छैन्, अब राम्रो गर्नेतिर जान जरुरी छ ।

सरकारले घोषणा गरेको लक्षित परिमाणको नजिक निजी क्षेत्र एक्लै छ । तर ठुला आयोजनाहरु जुन रिर्जभमा आधारित हुन्छन्, त्यसमा हाम्रो उपस्थिति हुन सकेको छैन् । हामीहरुले प्राय: बगाएरै विद्युत् उत्पादन गरिने आयोजनाहरुमा लगानी गरेका छौं । किनभने ठुला आयोजनाहरुमा लागत अधिक हुन्छ । त्यसमा पनि सरकारले सहुलियत ऋण तथा सहजिकरणको अवस्था मिलाइदिने हो भने निजी क्षेत्र प्रवेश गर्न तयार छ र हामीकहाँ लगानीको समस्या पनि छैन् । किनकी तपाइले देख्न सक्नुहुन्छ, कुनै कम्पनीले आइपिओ जारी गर्‍यो भने ५० गुणा भन्दा धेरै लगानीको माग भएको अवस्था छ । यसले के देखाउँछ भने हामीसँग निस्क्रिय पुँजी प्रसस्त छ ।

**वर्तमान राज्यको कानुन तथा नीतिले निजी क्षेत्रलाई काम गर्न कत्तिको सहज छ ? यसलाई सुधार गर्नुपर्ने पाटोमा तपाईंको दृष्टिकोण के रहेको छ ?**

अहिले जलविद्युत् सम्बन्धि एउटा आयोजना अगाडि बढाउनलाई ७ वटा मन्त्रालय, २३ वटा विभाग र २ सय वटा भन्दा बढि टेवलमा हामी पुग्नुपर्छ । यो किन ? वान डोर सिस्टम किन नगर्ने ? अनि यति धेरै मेहनत गरेर बनाएको आयोजना तोकिएको अवधिपछि फेरी सरकारकै हुने हो । अहिलेको अवस्थामा ५ वर्ष निर्माण अवधि र ३० वर्ष सञ्चालन गरेपछि राज्यलाई बुझाउनुपर्ने व्यवस्था छ । जबकी अरु उद्यम तथा व्यवसायमा लगानी गर्‍यो भने छोरा, नाती पनाती सम्मको पुस्ताले पनि आफ्नो स्वामित्वमा भोगचलन गर्ने अवस्था रहन्छ ।

आयोजनाको सम्भाव्यता अध्ययन, इआइए, स्विकृति, लगानी जुटाउने, निर्माण र गृडमा जोड्ने विषयमा धेरै चरणका धेरै निकायहरुमा जोडिएर काम गर्नुपर्ने झन्झटिलो अवस्था छ । पहिला आयोजनाको क्षेत्रमा प्रवेश गर्न नै अप्ठ्यारो भएको धेरै ढोकाहरुलाई बन्द गरेर वान डोर प्राणाली बनाउन आवश्यक छ । जसले गर्दा सहज ढंगले एकैठाउँबाट काम गर्न सकियोस । यो विषय भनिएको चाहिँ छ, भाषणमा चाहिँ आउँछन् यस्ता कुरा तर कार्यान्वयनमा आउन सकेन् ।

जुनसुकै मुलुकको विकासको पहिलो सर्त भनेको यातायात र उर्जा हो । यी दुइवटा कुराको व्यवस्था भएपछि अरु विषयहरुको स्वतः विकास हुने वातावरण सिर्जना हुन्छ । त्यसैले उर्जाको विकासलाई राज्यले पहिलो सर्तको रुपमा मान्नुपर्छ । जुन कुरा हामीसँग प्रशस्त छ । बढ्दो प्रदुषणको कारणले अरु मुलुकहरुले प्रदुषणजन्य उर्जालाई प्रयोग गर्न छाडेका छन् । हाम्रो मुलुकमा अधिक उत्पादनको सम्भावना भएको क्लिन इनर्जीलाई उत्पादन र खपत गर्ने दिशामा हामी अगाडि बढ्नुपर्छ ।

अहिले विद्युत् ऐनमा संसोधनको प्रस्ताव अगाडि बढेको छ । राष्ट्रिय सभाको टेबुलमा पुगेको छ । त्यसमा धेरै समस्यालाई सम्बोधन गर्न खोजिएको छ । हामीले इपानको तर्फबाट पनि महत्वपुर्ण सुझाव दिएका छौं । त्यसलाई कार्यान्वयन गर्ने कुरा अबको महत्वपुर्ण विषय हो । हामीकहाँ नीति निर्माण भन्दा पनि कार्यान्वयनमा अझ बढि समस्या छ । जस्तै ऐनमा भएको कुरालाई नियमावलीमा बङ्ग्यादिने, नियमावलीमा भएको कुरालाई निर्देशिकामा बङ्ग्याइदिने र निर्देशिकामा भएको कुरालाई हाकिमको तजबिजले बङ्ग्याइदिने समस्या छ ।

**अन्त्यमा, चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिमा सार्वजनिक भएको तथ्यांकलाई हेर्दा विद्युत् उत्पादन क्षेत्रमा सहभागी भएका निजी कम्पनीहरू राम्रो नाफामा देखिन थालेका छन् । अहिले निजी क्षेत्रको विद्युत् उत्पादन र व्यापारको अवस्था राम्रो देखिएको हो ?**

पहिलो कुरा उत्पादन भएको विद्युत् खपत हुन सुरु भयो । कहिलेकाहीं उत्पादन भएर पनि ट्रान्समिसन लाइनको समस्याले बिक्री वितरण गर्न ढिलाई वा समस्या हुने गर्दथ्यो । पछिल्लो समयमा त्यो प्रकारको समस्या नभएको अवस्था छ । दोस्रो बैंकहरुले ब्याज अधिक बढाइदिएका थिए । पछि आएर राष्ट्रबैंकले हस्तक्षेप पनि गर्‍यो र ब्याजदर पनि घटेको अवस्था छ । खपत, बैंकको ब्याजदरमा कटौती र विस्तारै अनुभवी व्यवस्थापन यी आदि कारणहरुले पनि आयोजनाहरुको अवस्था सकरात्मक देखिएको हो । व्यापारको सन्दर्भमा एनइएलाई बिक्री गर्ने विद्युत्मा वर्षायाममा ४ रुपैयाँ ८० हिउँदमा ८ रुपैयाँ ४० पैसामा बिक्री गर्ने गरेका छौं ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**